# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १६० | काठमाडौं | आइतबार, १३ असोज २०८१ | Prabhab National Daily | Sunday, September 29, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com






## बाढीपहिरोको वितण्डा

# देशभर ८७ जनाको मृत्यु, ७२ बेपत्ता

■ जेबी योञ्जन

**काठमाडौं–** अविरल वर्षाका कारण देशभर बाढीपहिरोले ठूलो जनखधनको क्षति पुऱ्याएको छ । बाढिपहिरोमा परी देशभर ८७ जनाको मृत्यु हुँदा ७२ जना बेपत्ता भएका छन् । यो शनिबार राति ११ बजेसम्मको तथ्यांक हो । बाढीपहिरोले काठमाडौं उपत्यका सर्वाधिक प्रभावित बन्यो । यहाँ ४८ जनाले बाढीपहिरोमा परी ज्यान गुमाए । काठमाडौंमा २५ जनाले बाढीपहिरोमा ज्यान गुमाए । ललितपुरमा १८ जना र भक्तपुरमा पाँच जनाको मृत्यु भयो ।

काठमाडौंको दक्षिणकाली नगरपालिका-८ मा भविन्द्र लिम्बू (४३), कुमार तामाङ (४०), मनु तामाङ (२३), दक्षिणकालिका नगरापालिका-९ बस्ने प्रेम बलामी (३७), कान्छा बलामी (३४), दक्षिणकाली नगरपालिका-७ बस्ने देवी लिम्बू (५०), नागार्जुन नगरपालिका-६, इचंगुनारायण बस्ने सप्तरीको अग्निसाइर कृष्णासवरन-२ का सचिन साह (४५), चन्द्रागिरि नगरपालिका-२ मसिनेका गर्भ तामाङ (३८), श्रीमती सविना तामाङ (३६), अर्घाखाँची घर भई कीर्तिपुर बस्ने अजय पाण्डे (२४) र सनाखत हुन बाँकी अन्दाजी वर्ष ४५ का पुरुषको बाढी र पहिरोमा परी मृत्यु भएको प्रहरीले जनाएको छ । मृतक केहीको सनाखत भइनसकेको प्रहरीको भनाइ छ ।

- काठमाडौं उपत्यकामा मात्रै ४८ जनाको मृत्यु
- काठमाडौंमा २५, ललितपुरमा १८, धादिङमा १५, काभ्रेमा १४ जना, मकवानपुरमा छ, भक्तपुर र पाँचथरमा पाँच-पाँच जनाको जनाको मृत्यु
- सिन्धुपाल्चोकमा चार, दोलखामा तीन, धनकुटामा दुई, सोलुखुम्बुमा दुई जनाको मृत्यु ।
- देशभर ७२ जनाभन्दा बढी बेपत्ता
- काठमाडौंसँग सबै सडकमार्गको सम्बन्धविच्छेद्

भक्तपुरको सूर्यविनायक नगरपालिका-९ पलासे बस्ने कालीकोट सानी त्रिवेणी-५ की बमिला शाही (२४), मनिषा शाही (१४), श्रीया बम (४), सूर्यविनायक-८ आशापुरी नैचाल बस्ने मसली तामाङ (५०) र मनु तामाङ (३७) को पनि बाढीपहिरोमा परी ज्यान गएको छ ।

ललितपुरको गोदावरी नगरपालिका-१० टाखेलमा पहिरोका कारण सानु चालिसे (५८), सुशीला लिम्बू (४८), माथिल्लो गोटिखेलमा संयम तामाङ (२), गोदावरी नगरपालिका-९ छम्पीकी सुनिता तामाङ (४२), गोदावरी-३ मा पवन नगरकोटी (३५), मेन्सिला नगरकोटी (२०), ललितपुर महानगरपालिका-२५ का ताराराज कनिका (६६), महालक्ष्मी नगरपालिका-९ सिस्नेरी ठकुरीगाउँकी रिना महिमकर्मी (३६), रवीन भुजेल (४४), ललितपुर महानगरपालिका-१४ कार्नतिपुर कलौनी बस्ने रौतहटको नन्दु साह (२७) र महालक्ष्मी नगरपालिका-८ शंखादेवीकी राधिका थापा (६१) को पहिरोका कारण मृत्यु भएको छ ।

ललितपुरको नख्खु खोलामा बगेर चार जना बेपत्ता भएकामध्ये तीन जनाको सकुशल उद्धार भएको छ । काभ्रेको तेमाल-९ का ३६ वर्षीय चणिकलाल तामाङले खोलाले बगाएका रौतहट घर भई नख्खुको सुगम बस्ती टोलमा बस्दै आएका ४३ वर्षीय राजु साह र उनकी छोरी ६ वर्षीया मेघना साहको उद्धार गरेका हुन् । २२ वर्षीया भाइराज साहले पौडेर ज्यान जोगाएका थिए ।

राजुकी छोरी करिब चार वर्षीया शेर्तु साहको अवस्था अज्ञात छ । उनको खोजी भइरहेको प्रहरीले जनाएको छ । खोलाले बगाउनुअघि उनीहरू वरिपरि उर्लिंदो बाढीले घेरेको टहराको छतमा गएर उद्धारका लागि याचना गरिरहेका थिए । स्थानीयले उद्धारको प्रयास पनि गरेका थिए । तर, सम्भव भएको थिएन । सरकारसँग पनि उनीहरूले उद्धारका लागि याचना गरेका थिए । तर, नेपाल प्रहरीका दुई जना मात्रै त्यहाँ पुगेको स्थानीयले बताए ।

(क्रमशः पृष्ठ २ मा)

## झ्याप्लेखोलामा पुरिएका बसबाट १४ शव निकालियो

काठमाडौं र धादिङको सिमानामा पर्ने धादिङको धुनिबेसी नगरपालिका-९ झ्याप्लेखोलामा पहिरोमा पुरिएका सवारीसाधनबाट १४ जनाको शव निकालिएको छ । प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेका अनुसार बुटवलबाट काठमाडौंतर्फ आउँदै गरेको लु१ज ४५७८ नम्बरको माइक्रोबसबाट तथा नम्बर नखुलेको बसबाट ती शव निकालिएका हुन् ।

'कुन सवारीसाधनबाट कति जनाको शव निकालेको भन्ने यकीन जानकारी हुन सकेको छैन,' उनले भने, 'पहिरोबाट तीनवटा सवारीसाधन पुरिएका छन् ।' पहिरोमा फसेका यात्रु र सवारीसाधनको उद्धार कार्य जारी रहेको प्रजिअ पाण्डेले जानकारी दिए ।

## उपत्यकामा वर्षको 'रेकर्ड' तोडियो

काठमाडौं उपत्यकामा शनिबार वर्षकै सर्वाधिक वर्षा भएको छ । यहाँ शनिबार बिहान वर्षा मापन सुरु भएयताकै बढी वर्षा भएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका मौसमविद् रोजन लामिछानेले शनिबार बिहान ८:४५ बजे त्रिभुवन विमानस्थल वर्षा मापन केन्द्रमा गएको २४ घण्टामा २३९.७ मिलिमिटर वर्षा मापन भएको जानकारी दिए । यो मापन सुरु भएयताकै सर्वाधिक वर्षा भएको उनले बताए । यसअघि सन् २००२ मा यहाँ १७७ मिलिमिटर वर्षा रेकर्ड भएको थियो ।

मौसमविद् लामिछानेले काठमाडौं उपत्यकामा यति ठूलो वर्षा अहिलेसम्म मापन नभएको प्रारम्भिक अध्ययनले देखाएको बताए । विस्तृत अध्ययन गरी केही दिनमा विस्तृत अवस्था प्रतिवेदन सार्वजनिक गरिने उनले जानकारी दिए ।

उपत्यकाका अन्य नौ मापन केन्द्रमा पनि धेरै वर्षा मापन भएको छ । ललितपुरको चापागाउँमा सन् २००२ मा २४ घण्टामा २००.५ मिलिमिटर वर्षा भएकामा शनिबार ३२३ मिलिमिटर वर्षा भएको विभागले जनाएको छ । शनिबार साँझ जिरीमा ११२.४, जनकपुरमा १००, लुम्लेमा ११३.३, धरानमा १७७.६, धनकुटामा १७३, ओखलढुंगामा ११०.१ काठमाडौंमा १९४, सिमरा १२० र भैरहवामा १९४.२ मिलिमिटर वर्षा भएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# अभिमुखीकरण तालिमसम्बन्धी मापदण्डमा व्यवसायीको असहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीमा जानुपूर्व लिइने अभिमुखीकरण तालिम सञ्चालनसम्बन्धी सरकारले लागू गर्न खोजेको मापदण्डप्रति विमति रहेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । वैदेशिक रोजगार विभागले विभिन्न मापदण्ड तोकेर अभिमुखीकरण तालिमप्रदायक संस्थाहरूलाई तालिम सञ्चालन गर्न निर्देशन दिएपछि वैदेशिक रोजगार व्यवसायीहरूले असहमति जनाएका हुन् ।

वैदेशिक रोजगारीको क्षेत्रमा दीर्घकालीनरूपमा नकारात्मक असर पर्नेगरी मापदण्ड बनाई लागू गर्न खोजिनु दुःखद भएको एक व्यवसायीले बताए । उनका अनुसार वैदेशिक रोजगारीमा जाने कामदारलाई सम्बन्धित मुलुक, रोजगारी, भाषालगायतका विषयमा अभिमुखीकरण तालिममार्फत जानकारी दिनु राम्रो भए पनि अहिलेको मापदण्डअनुसार ठूलो आर्थिक भार पर्ने छ ।

अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ को दोस्रो संशोधन २०८० अनुसार तीन दिन तालिम सञ्चालन हुने र भाषा कक्षा अध्ययन तथा परीक्षा दिनैपर्ने बाध्यात्मक नीति थप गरी दुई हजार ८०० रूपैयाँ शुल्क लिने व्यवस्था गरिएको छ । भाषा परीक्षा अनिवार्य गर्नु र उत्तीर्ण हुन ५० प्रतिशत अंक ल्याउनैपर्ने व्यवस्थाले ठूलो संख्यामा नेपालीले



> संशोधित कार्यविधि आएदेखि नै हामीले असहमति जनाइरहेका छौं । बीचमा स्थगित गरिएको थियो, अहिले फेरि लागू गर्ने भन्ने कुरा आएको छ । यसमा हाम्रो सहमति छैन ।
>
> **मेघनाथ भुर्तेल**
> **महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

रोजगारीको अवसर गुमाउने ती व्यवसायीको भनाइ छ ।

अभिमुखीकरण तालिमलाई तीन दिनको नभई एक हप्ताकै बनाए पनि वैदेशिक रोजगारीमा जाने कामदारको जीवनमा खासै ठूलो प्रभाव नपर्ने संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'संशोधित कार्यविधि आएदेखि नै हामीले असहमति जनाइरहेका छौं,' उनले भने, 'बीचमा स्थगित गरिएको थियो, अहिले फेरि लागू गर्ने भन्ने कुरा आएको छ, यसमा हाम्रो सहमति छैन ।'

अभिमुखीकरण तलिम दिने, पढाउनेमा व्यवसायीहरूको




आपत्ति नरहेको भन्दै भुर्तेलले भाषा परीक्षामा ५० प्रतिशत अंक ल्याउनैपर्ने सम्बन्धमा गम्भीर सरोकार रहेको बताए । यस विषयमा सरकारी निकायले व्यवसायीहरूसँग सल्लाह वा सहकार्यका लागि कुनै पहल नगरेको उनको भनाइ छ । 'यसमा हाम्रो सहमति नभएकोले सुधारका योजनासहित सम्बन्धित निकायलाई सुझाव पनि दिएका छौं,' महासचिव भुर्तेलले भने, 'अब एकपटक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल गर्छौं, त्यसपछि आउने निष्कर्षका आधारमा अघि बढ्छौं ।'

सरकारको दृष्टिमा कामदारले लिने तालिमको अवधि थप गर्ने, शुल्क बढाउने कुरा जायज भए पनि वैदेशिक रोजगारी, सम्बन्धित मुलुक र काम गर्ने कम्पनीको बारेमा व्यवसायीले नै 'प्रि डिपार्चर ओरियन्टेसन' नदिएसम्म परिणाम नआउने भुर्तेलले बताए । 'भाषा जान्नुपर्छ, पढ्नुपर्छ तर कुन-कुन मुलुकमा भाषा चाहिन्छ, खाडी मुलुक जाने नेपाली कामदारको स्तर के हो ? अन्य मुलुकबाट त्यहाँ काम गर्न जाने नागरिकलाई भाषाको प्रमाणपत्र आवश्यक छ छैन ? त्यो बुझेरमात्र निर्णय लिनु राम्रो हुन्छ । अन्यथा मनोमानि ढंगले अगाडि बढे त्यसको जिम्मेवारी सरकारले नै लिनुपर्छ,' उनले भने ।

यस्तै कार्यविधिमा भएका दफा र उपदफाहरूका गरिएको संशोधन र थप बुँदाहरूले सामान्य कामदारलाई वैदेशिक रोजगारीको अवसरबाट वञ्चित गर्न खोजिएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनका महासचिव महेश बस्नेतले बताए । 'भाषा परीक्षा दिएर उत्तीर्ण हुन ५० प्रतिशत ल्याउनैपर्ने र उत्तीर्ण भएकाले मात्रै श्रम स्वीकृति पाउने अवस्था बनेको छ,' उनले भने, 'जसका कारण नपढेका वा कम पढेका कामदारहरू विदेश जान नपाउने सम्भावना देखियो, यसमा चलखेलको सम्भावना पनि उत्तिकै छ ।'

(क्रमशः पृष्ठ २ मा)




# मेलम्चीको पानी आउने दिन अनिश्चित

**काठमाडौं (प्रस)–** मेलम्ची खानेपानी विकास समितिले दसैंअघि नै काठमाडौ उपत्यकामा पुनः पानी ल्याउने तयारी गरेकामा बिहीबारदेखिको वर्षाले सो कार्य थप अनिश्चित भएको छ ।

समितिका कार्यकारी निर्देशक रत्नप्रसाद लामिछानेले राजधानीमा पानी ल्याउन प्राविधिक काम सकेकामा बिहीबारदेखिको वर्षाले अनिश्चित भएको बताए । उनले मेलम्ची खानेपानीको मुहानस्थल सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-१ स्थित अम्बाथानमा भने ठूलो क्षति भएको नदेखिएको जानकारी दिए ।

समितिले मुहानस्थलमा राम्रो सुरक्षा व्यवस्था मिलाएकाले ठूलो क्षति नभएको तर सुरुङभित्र कुनै क्षति भएकाबारे अध्ययन गर्न भने केही दिन लाग्ने कार्यकारी निर्देशक लामिछानेले सुनाए । 'मेलम्ची नदीमा भने धेरै बाढी गएको छ । त्यसको प्रभाव सुरुङभित्र कति पऱ्यो भनी प्राविधिक अध्ययन हुन बाँकी छ । यो अध्ययन सकेपछि मात्र राजधानीमा मेलम्चीको पानी आउने दिन निश्चित गर्नेछौं,' उनले भने ।

मेलम्ची नदीबाट दैनिक १७ करोड ५० लाख लिटर पानी आउने र त्यसपछि राजधानीवासीले राहत पाउने विश्वास गरिएको छ । मेलम्चीको पानी वर्षामा बन्द गरी हिउँदमा मात्र ल्याउने गरिएको छ ।

# त्रिविको परीक्षा स्थगित

**काठमाडौं (प्रस)–** त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयले देशभर उत्पन्न भएको मौसमको प्रतिकूलका कारण विभिन्न संकायका परीक्षा स्थगित गरेको छ । त्रिविले शनिबार सूचना जारी गरी यही असोज १० गतेदेखि सञ्चालनमा रहेको मानविकी, शिक्षाशास्त्र तथा व्यवस्थापन संकाय विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत स्नातक तह दोस्रो वर्ष २०८०, आंशिकतर्फको बिए, बिएड, बिबिएस र बिएस्सीको आइतबार हुने परीक्षा स्थगित गरेको छ ।

'उक्त परीक्षाहरू यही असोज २१ गते सोही समयमा, सोही परीक्षा केन्द्रहरूमा सञ्चालन हुनेगरी तोकिएको व्यहोरा निर्देशानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ,' त्रिविले भनेको छ । साथै त्रिविले सम्पूर्ण केन्द्राध्यक्षलाई यही सूचनालाई आधिकारिक मानेर आइतबार हुनेगरी उल्लेख गरिएका सम्पूर्ण प्रश्नपत्र प्याकेट नखोली सुरक्षित साथ यही असोज २१ गते प्रयोग गरिदिन हुन अनुरोध गरेको छ ।

**पृष्ठ १ बाट क्रमशः**

## देशभर ८७...

सरकारले उद्धारमा अग्रसरता नदेखाएको भन्दै चौतर्फी आलोचना भयो । तर, गृहमन्त्री रमेश लेखक भने भिजिबिलिटी कम भएका कारण हेलिकप्टरबाट उद्धार गर्न नसकिएको भन्दै पन्छिए । खोलाको बहाव बढेपछि टहर भत्काएर उनीहरूलाई बगाएको थियो । करिब ३०० मिटर तल पुग्दा चणिकलालले तीन जनालाई उद्धार गरेर बचाए । यसलाई राजधानीमै भएको विपद्का घटनामा सरकारको गम्भीर कमजोरीका रूपमा लिइएको छ । काठमाडौंमा एक हजार ३२४ घर, ललितपुरमा ५०० र भक्तपुरमा ४१७ गरी कूल दुई हजार २४१ घर डुबानमा परेका छन् ।

उपत्यकापछि बाढीपहिरोबाट धेरै प्रभावित काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-२ मा एकै परिवारका आठ जनालाई पहिरोले बगाएको छ । शनिबार दिउँसो आएको पहिरोले माइला तामाङका आठ जना परिवारलाई बगाएको तेमाल गाउँपालिका-२ का वडाध्यक्ष देवराज तामाङले प्रभावलाई जानकारी दिए । उनका अनुसार माइला तामाङकी श्रीमती, बुबा ७५ वर्षीय सानुमान तामाङ र ७२ वर्षकी आमा, भाइ ३२ वर्षका मानजित लामा, बुहारी, भाइका छोराछोरी तीन जनालाई बाढीले बगाएको हो । माइला गम्भीर छन् । उनलाई अस्पताल पुऱ्याउन नसकिएको अध्यक्ष तामाङले बताए ।

काभ्रेकै रोशी गाउँपालिकामा ठूलो जनधनको क्षति भएको प्रारम्भिक सूचना प्रहरीलाई आएको छ । थुप्रै मानिस पहिरोमा फसेको र उनीहरूको उद्धारका लागि गएको नेपाली सेनाको हेलिकप्टर मौसम खराबीका कारण शनिबार त्यसै फर्किएको छ । काभ्रे प्रहरी प्रमुख बसुधा खड्काका अनुसार विद्युत् र सञ्चार अवरुद्ध हुँदा क्षतिको यकीन विवरण प्राप्त हुन सकेको छैन । पहिरोमा फसेकाहरू नार्बेबजारको वासिन्दा हुनसक्ने एसपी खड्काले बताइन् । शनिबार बिहान बजारलाई नै बाढीले बगाएको थियो ।

कोसी प्रदेशको पाँचथरमा पनि बाढीपहिरोले वितण्डा मच्चाएको छ । फिदिम नगरपालिका-४ मा सपना शेर्पा (२४), उनकी छोरी डोल्मा शेर्पा (५), फिदिम नगरपालिका-८ की पश्चिमा शेर्पा (८२), फिदिम नगरपालिका-२ मजिटेकी रञ्जना राई (३५), फिदिम नगरपालिका-१ गोपी नेपाली (५०) र फालेलुङ गाउँपालिका-५ की कमला राई (३६) को पहिरोले घर पुरिँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी निरीक्षक रूपेश तामाङले जानकारी दिए । उनका अनुसार फिदिम-१ का कृष्ण दास, उनकी श्रीमती कमला दास, धनकुमार तुम्बापो, राजेश तुम्बापो र उनकी श्रीमती सरस्वती तुम्बापो बेपत्ता छन् ।

### छ विद्यार्थीको शव फेला

मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-३ सिस्नेरीमा पहिरोमा पुरिएर बेपत्ता भएका छ जना विद्यार्थीको शव फेला परेको छ । उनीहरू अखिल नेपाल फुटबल संघ (एन्फा)ले प्रशिक्षणमा राखेका बालकहरू हुन् । पहिरोले थिचिएर मृत्यु भएका सबै जनाको शव नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौंस्थित शिक्षण अस्पताल ल्याइएको प्रहरीले जनाएको छ ।

एन्फाको विज्ञप्तिअनुसार मकवानपुरका हेटौंडाका अनुपम घलान, साइमन योञ्जन, सिस्नेरीका दिवस बानियाँ, बारा निजगढका विकल रेग्मी, काठमाडौंका रियान्स आचार्य र सर्लाहीका आदित्य बलमपाकीको मृत्यु भएको हो । अनुपम घलान जिल्ला समन्वय समिति मकवानपुरका संयोजक ललितकुमार घलानका छोरा हुन् । इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीका अनुसार शनिबार बिहान कुलेखानी जलाशय भरिएर बाँध फुट्ने सम्भावना बढेपछि नेपाल विद्युत् प्राधिकरणले बाँधको दुईवटा ढोका खोलेर पानी बाहिर पठाएको र स्थानीय सिस्नेरी खोलामा एक्कासि बाढी आएका कारण बत्सलादेवी माविको छात्रवासमा बसिरहेका उनीहरूलाई सुरक्षित स्थानतर्फ लाने क्रममा पहिरो खसेको थियो । सोही पहिरोमा परेर उनीहरूको ज्यान गएको अध्यक्ष पुडासैनीले बताए । अन्य ४३ जना विद्यार्थीलाई हेलिकप्टरमार्फत उद्धार गरी काठमाडौं ल्याइएको छ ।

धनकुटाको पाख्रिबास नगरपालिका-५ गुराँसेकी आशा तामाङ (३०) र राजकुमारी तामाङको पहिरोले घर पुरिँदा मृत्यु भएको छ । सोलुखुम्बुको सोलुदूधकुण्ड-१० का कविता मगर (३०) र रूपु मगर (४१)को पनि पहिरोले घर पुरिँदा मृत्यु भएको छ । सिन्धुपाल्चोकको लिसंखु पाखर गाउँपालिका-३ का पूर्ववडाध्यक्ष काजीबहादुर लामा र उनकी श्रीमती सुन्तली तामाङको पनि पहिरोमा परी मृत्यु भएको छ । धादिङमा एक, दोलखामा तीन र मकवानपुरमा सात जनाको पनि पहिरो र बाढीमा परी मृत्यु भएको प्रहरीले जनाएको छ ।

### गुरुकुलमा फसेका ३३ जनाको उद्धार

काभ्रेको सुनकोसी गाउँपालिका-१ स्थित आदिलिंग कुशेश्वर महादेव मन्दिर परिसरमा रहेको गुरुकुलका ३३ जनाको उद्धार गरिएको छ । बाढीका कारण नदीको बीच भागमा फसेका उनीहरूको नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको हो । बाढीमा फसिनेमा गुरुकुलका २६ बटुक (विद्यार्थी), तीन शिक्षक, दुई कर्मचारी र मन्दिरका दुई पुजारी थिए । मन्दिरको चारैतिर बाढी पसेपछि सुरक्षित स्थानमा जान नसकेका गुरुकुलका सबैजनाको सकुशल उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी लीलाप्रसाद शर्माले बताए ।

### कोसी ब्यारेजको पुलबाट सम्पूर्ण आवतजावत बन्द

सुनसरीस्थित कोसी ब्यारेजको पुलबाट सम्पूर्ण आवतजावत बन्द गरिएको छ । सप्तकोसीमा पानीको बहाव खतराको तह पार गरेपछि उक्त पुलमा आवतजावतमा रोक लगाइएको हो ।

पूर्वी नेपालका पहाडी जिल्लामा तीन दिनदेखि लगातार वर्षा भइरहेको छ । सुनसरीका सहायक प्रमुख जिल्ला अधिकारी वेदराज फुयालले शनिबार एक विज्ञप्ति जारी गर्दै अपराह्न ४:०० बजेदेखि अर्को सूचना जारी नभएसम्मका लागि कोसी ब्यारेजको पुलबाट आवागमनमा रोक लगाइएको जानकारी दिए । अत्यावश्यक कामका लागि वैकल्पिक मार्गको प्रयोग गर्नसमेत उनले अनुरोध गरेका छन् ।

सुनसरीका प्रहरी नायव उपरीक्षक नवीनकृष्ण भण्डारीका अनुसार सप्तकोसीमा पानीको बहाव शनिबार साँझ ५:०० बजे प्रतिसेकेन्ड पाँच लाख ५७ हजार क्युसेक नाघेको छ । पानीको बहावले खतराको तह पार गरेपछि कोसी ब्यारेजका सबै ५२ ढोका खोलिएका उनले बताए । यसका साथै सप्तरी र सुनसरीतर्फको नहरका चारै ढोकासमेत खोलिएको प्रहरी नायव उपरीक्षक भण्डारीले जानकारी दिए ।

● ● ●

## अभिमुखीकरण तालिमसम्बन्धी...

भिसा प्राप्त भइसकेपछि विदेश जानुपूर्व मात्र अभिमुखीकरण तालिम दिने व्यवस्था भएकाले भिसा आएका कामदारहरू परीक्षामा फेल भए रोजगार व्यवसायीले ठूलो आर्थिक क्षति व्यहोनुपर्ने बस्नेतको भनाइ छ । उनका अनुसार भाषा परीक्षा उत्तीर्ण नहुँदा भिसा शुल्कबापत रोजगारदातालाई क्षतिपूर्ति बुझाउनुपर्ने अवस्था आउने छ भने अर्कोपटकदेखि त्यही रोजगारीको अवसर अन्यत्र मुलुकमा जाने खतरा पनि बढ्ने छ । साथै, ७०० रूपैयाँमा भइरहेको अभिमुखीकरण तालिम शुल्क चार गुणाले बढाएर दुई हजार ८०० बनाइनुले केही सिण्डिकेटधारीहरूसँग सम्बन्धित सरकारी पक्षहरूसमेतको मिलेमतोमा चलखेल गरिएको महासचिव बस्नेतले आशंका व्यक्त गरे ।

'व्यवसायीहरू पछिल्लो संशोधित कार्यविधिमा सहमत छैनन्, यो सफा नियतले आएको देखिँदैन,' उनले भने, 'कामदार र व्यवसायी दुवै पक्षलाई अप्ठ्यारो पार्नेगरी कार्यविधि ल्याइहाल्नुपर्ने वा लागू गरिहाल्नुपर्ने अवस्था पनि होइन ।' यसमा कसरी अघि बढ्ने भन्ने सम्बन्धमा व्यवसायीहरूको छाता संगठन वैदेशिक रोजगार व्यवसायी संघको आधिकारिक धारणा पर्खिरहेको पनि बस्नेतले बताए ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा
जनकपुरधाम, मधेश प्रदेश

## बोलपत्र आह्वान सम्वन्धी सूचना

सुचना नं : ०५-८१/८२,
प्रकाशन मितिः २०८१/०६/१३

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सुचना प्रकाशित भएको मितिले ३१ औ दिन (मिति २०८१।०७।१३ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha /Works/NCB/37-2081/82 | Construction of RCC Frame Structure Building of Rajarshi Janak Higher Secondary School, Kurtha, Janakpur Sub-Metropolitan City-21, Dhanusha. | 85,55,389.80 | 2,14,000.00 | 3,000.00 |
| 2 | FPIU/Dhanusha /Works/NCB/38-2081/82 | Construction of RCC Frame Structure Building of Shree Bishwakarma Rastiya Primary School, Bhangha, Laxminiya Rural Municipality-05, Dhanusha. | 85,60,870.70 | 2,14,000.00 | 3,000.00 |
| 3 | FPIU/Dhanusha /Works/NCB/39-2081/82 | Road Upgradation Works from Janakpur Kuwa Rampur Maccha Bazar-Mahadev Temple-Lohana-Jhojhi Kataiya-Dhanauji to Itharwa, Dhanusha. | 1,59,48,269.45 | 4,51,000.00 | 3,000.00 |
| 4 | FPIU/Dhanusha /Works/NCB/40-2081/82 | Construction of RCC Frame Community Building at Janakpur Sub-Metropolitan City-, Dhanusha. | 25,68,801.66 | 73,000.00 | 3,000.00 |
| 5 | FPIU/Dhanusha /Works/NCB/41-2081/82 | Construction of RCC Frame Community Building at Dhata Tole, Janakpur Sub-Metropolitan City-13, Dhanusha. | 42,73,504.27 | 1,21,000.00 | 3,000.00 |
| 6 | FPIU/Dhanusha /Works/NCB/42-2081/82 | Pond Preservation and Beautification works of Ganpati Pond, Kapleshwor, Janakpur Sub-Metropolitan City-16, Dhanusha. | 98,18,031.74 | 2,78,000.00 | 3,000.00 |
| 7 | FPIU/Dhanusha /Works/NCB/43-2081/82 | Road Upgradation and Drain Construction Works from Nepali Congress Party Office to Jalad Bridge, Janakpur Sub-Metropolitan City-4, Dhanusha. | NCB, SSDE | 7,00,000.00 | 5,000.00 |
| 8 | FPIU/Dhanusha /Works/NCB/44-2081/82 | Emergency Shelter Construction Works at Hariwon Municipality-,2,4,5 and Bishalpur Tole Harkahtwa, Dhankaul Rural Municipality-5, Sarlahi. | NCB, SSDE | 7,25,000.00 | 5,000.00 |
| 9 | FPIU/Dhanusha /Works/NCB/45-2081/82 | Construction of Multipurpose Community Building at Sagarnath, Ishworpur-4, Sarlahi. | 42,76,857.27 | 1,21,000.00 | 3,000.00 |
| 10 | FPIU/Dhanusha /Works/NCB/46-2081/82 | Road Upgradation Works at Ishworpur Municipality-12, Sarlahi | 85,56,589.94 | 2,14,000.00 | 3,000.00 |
| 11 | FPIU/Dhanusha /Works/NCB/47-2081/82 | Road Upgradation and Drain Construction Works near Bodhi Mai Mandir Malangwa Municipality-7, Sarlahi. | 85,54,837.19 | 2,14,000.00 | 3,000.00 |
| 12 | FPIU/Dhanusha /Works/NCB/48-2081/82 | Road Upgradation Works at Balra Municipality-04, Sarlahi. | 85,55,841.37 | 2,14,000.00 | 3,000.00 |
| 13 | FPIU/Dhanusha /Works/NCB/49-2081/82 | Road Upgradation Works from Janakinagar Hazar Bigha(Jungle) to Lakhandehi Khola at Haripur Municipality-01, Sarlahi. | 1,47,11,965.81 | 4,16,000.00 | 3,000.00 |
| 14 | FPIU/Dhanusha /Works/NCB/50-2081/82 | Road Upgradation Works from Asanwa to Purba Campus at Haripur Municipality-5, Sarlahi. | 85,55,841.37 | 2,14,000.00 | 3,000.00 |
| 15 | FPIU/Dhanusha /Works/NCB/51-2081/82 | Construction of Drain from Koiri Tole Chiran Mill to Ramkewal House at Hariwon Municipality-7, Sarlahi. | 85,55,841.37 | 2,14,000.00 | 3,000.00 |
| 16 | FPIU/Dhanusha /Works/NCB/52-2081/82 | Construction of Drain from Ganesh Temple to Yuvraj Devkota House at Hariwon Municipality-7, Sarlahi. | 85,55,841.37 | 2,14,000.00 | 3,000.00 |
| 17 | FPIU/Dhanusha /Works/NCB/53-2081/82 | Construction of Drain from Highway Causeway to North Bishnupur Tole, Danuwari Chowk at Hariwon Municipality-9, Sarlahi. | 1,30,76,923.07 | 3,70,000.00 | 3,000.00 |
| 18 | FPIU/Dhanusha /Works/NCB/54-2081/82 | Drain Construction and Road Upgradation Works at Hariwon Municipality-2,3,6,7,8,9,10,11 Sarlahi. | 98,07,692.30 | 2,78,000.00 | 3,000.00 |
| 19 | FPIU/Dhanusha /Works/NCB/55-2081/82 | Drain Construction and Road Upgradation Works at Hariwon Municipality, Sarlahi. | 42,73,504.27 | 1,21,000.00 | 3,000.00 |
| 20 | FPIU/Dhanusha /Works/NCB/56-2081/82 | Road Upgradation Works of Haripurwa Municipality-6 from Ishworpur Municipality-15, Mirchaiya Bazar, Haripur Municipality-8,Sarlahi. | 1,30,76,923.07 | 3,70,000.00 | 3000.00 |
| 21 | FPIU/Dhanusha /Works/NCB/57-2081/82 | Construction of Asphalt Road from Parbata Tole to Kishanpur Chowk at Dhanushdham Municipality-5, Dhanusha | 85,46,871.48 | 2,14,000.00 | 3,000.00 |
| 22 | FPIU/Dhanusha /Works/NCB/58-2081/82 | Construction of RCC Frame Structure Building of Madhyamic School at Basbiti, Janakpur Sub-Metropolitan City-22, Dhanusha. | 85,57,082.67 | 2,14,000.00 | 3,000.00 |
| 23 | FPIU/Dhanusha /Works/NCB/59-2081/82 | Road Construction Works at Aurahai Rural Municipality-1, Dhanusha. | 1,70,93,362.71 | 4,83,000.00 | 3,000.00 |
| 24 | FPIU/Dhanusha /Works/NCB/60-2081/82 | Infrastructure Construction Works of Bhandari Kuti, Gaushala, Saket Bihari Kushwaha Community Building and Thakur Bhagwan Barahi Kuti at Janakpurdham Sub-Metropolitan City-4,2, Dhanusha. | 98,07,692.30 | 27,8,000.00 | 3,000.00 |
| 25 | FPIU/Dhanusha /Works/NCB/61-2081/82 | Hathdhoba Pond Beautification and Road Upgradation Works at Janaknandni Rural Municipality-2, Dhanusha | 85,58,789.77 | 2,14,000.00 | 3,000.00 |

आयोजना प्रमुख

# तस्बिरमा अविरल वर्षाले निम्त्याएको विपद्

















१) अविरल वर्षाका कारण काठमाडौंको बागमती नदीमा आएको बाढी ।
२) अर्घाखाँचीको गोरुसिंगे-सन्धिखर्क सडकअन्तर्गत सन्धिखर्क नगरपालिका-६ नरपानी होरनडाडामा खसेको पहिरो हटाउँदै सशस्त्र प्रहरी ।
३) नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-२ को सीतापुर क्षेत्रमा नारायणी नदी बस्तीमा पसेपछि उद्धार गरिँदै ।
४) सर्लाहीको बसबरिया गाउँपालिका-२ स्थित बागमती नदीको बाढीमा फसेका नागरिकको उद्धार गर्दै सशस्त्र प्रहरी ।
५) हनुमन्ते खोलाको बाढी परेर भक्तपुरको भाटभटेनी सुपर मार्केटलगायत आसपासको जलमग्न क्षेत्रमा सर्वसाधारण ।
६) सर्लाहीको बागमती नगरपालिका-११ कर्मैयास्थित बागमती नदीमा रहेको ड्यामको ३६ मध्ये खोलिएको ३४ वटा ढोका । प्राविविक समस्याले दुईवटा ढोका आंशिकरुपमा मात्र खुलेको बताइएको छ ।
७) धादिङबैंसीलाई पृथ्वी राजमार्गसँग जोड्ने मुख्य मार्ग कालुपाण्डे मार्गअन्तर्गत सिद्दलेक गाउँपालिका-१ बुङ्चुङ नजिकै खसेको पहिरो पार गर्दै परीक्षार्थी ।
८) दुई दिनको लगातार परेको वर्षाका कारण भासिएको राप्ती लोकमार्गअन्तर्गत दाङ-सल्यान सडकखण्डको तुलसीपुर उपमहानगरपालिका-३ स्थित राम्रीमा डोजरको सहयोगमा वैकल्पिक सडक बनाउँदै ।

*तस्बिरहरू: रासस*

## काभ्रेपलाञ्चोकको खानीखोलाका आठ घर बगे

**काभ्रेपलाञ्चोक (प्रस)**– अविरल वर्षाका कारण बागमती खोलामा आएको बाढीले जिल्लाको डाँडापारिस्थित खानीखोला गाउँपालिका-६ मा आठ घर बगाएको छ । वडा नं ६ स्थित बागमती खोला किनार नजिक रहेका घर बाढीले बगाएको हो ।

स्थानीय धनबहादुर लामाले बाढीले नयाँ बस्तीका फुलबहादुर रुम्बा, हस्तबहादुर सिङ्तान, बुद्धि सिङ्तान, प्रकाश सिङ्तान, साजन सिङ्तान, देवराज सिङ्तान, विक्रम सिङ्तान र उत्तरमान गोलेको घर बनाएको जानकारी दिए । उक्त बाढीमा एकजना महिला बेपत्ता भएकी छन् ।

### डाँडापारिका दुई पालिका सञ्चार सम्पर्कविहीन

डाँडापारी क्षेत्रमा रहेको खानीखोला गाउँपालिका र महाभारत गाउँपालिकाका अधिकांश स्थानमा सञ्चार सम्पर्कविहीन भएका छन् । अविरल वर्षाले विद्युत् सेवा बन्द भएपछि सम्पर्कविहीन बनेका हुन् ।

खानीखोला गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङले वर्षाका कारण पालिकाका अधिकांश ठाउँ सञ्चार सम्पर्कविहीन भएका बताउँदै कहाँ, कति क्षति भएको यकीन गर्न नसकेको उल्लेख गरे । नेपाल टेलिकमलाई बारम्बार खानीखोलामा सञ्चार सम्पर्कमा जोड्न पटक-पटक आग्रह गरिएको भन्दै जीर्ण टावरमा सेवा जडान नहुँदा दुई वर्षदेखि समस्या व्यहोर्दै आएको उनले बताए ।

## श्रीलंका टापुमा ३४ जना थुनिए

**सुनसरी (प्रस)**– बाढीका कारण सुनसरीको बराहक्षेत्र नगरपालिका-६ र ९ नम्बर वडास्थित श्रीलंका टापुमा ३४ जना थुनिएका छन् । बराहक्षेत्र-६ ठाकुरीवारीस्थित कोसीको बीच टापुमा भैंसीपालन गरी बस्दै आएका उनीहरू शुक्रबारदेखि सप्तकोसीको बाढीका कारण अलपत्र परेका थिए ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता नवीनकृष्ण भण्डारीका अनुसार बाढीका कारण बराहक्षेत्र-६ मा २२ जना तथा बराहक्षेत्र-९ मा १२ जना अलपत्र परेका छन् । शनिबार बिहानैदेखि उनीहरूको उद्धारका लागि ठूलो संख्यामा प्रहरी परिचालन गरिए पनि उद्धार सम्भव नभएको उनले बताए ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीले निरन्तर वर्षा भइरहेका कारण उनीहरूको उद्धार तत्काल सम्भव नभएको जानकारी दिए । उनले भने, 'सप्तकोसीमा पानीको बहाव बढ्दै गएको छ, हेलिकप्टरबाट उद्धार गर्नका लागि संघीय सरकारसँग समन्वय भइरहेको छ ।'

### बागमती सरकारको निर्णय

## विपद्बाट पीडितलाई तत्काल राहत

**बागमती (प्रस)**– बागमती प्रदेश सरकारले बाढी तथा पहिरोलगायत विपद्बाट पीडित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

प्रदेश सरकारको शनिबार साँझ बसेको आकस्मिक बैठकले विपद्बाट भएको क्षतिको यकीन गरी प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० बमोजिम प्रदेश सरकारकातर्फबाट विपद्बाट पीडित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको हो । विपद्बाट प्रभावित नागरिकलाई थप सहयोगका लागि नेपाल सरकारसमक्ष आग्रह गर्ने निर्णय भएको मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले जानकारी दिए ।

बैठकले अविरल वर्षाका कारण भएको क्षतिका सम्बन्धमा खोज, उद्धार र राहतलाई थप प्रभावकारी बनाउन जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति तथा सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने, प्रदेश सरकारका सम्बन्धित मन्त्रालय र निकायहरूले आ-आफ्नो विषयसँग सम्बन्धित क्षतिको विवरण तत्काल संकलन गर्ने निर्णय गरेको मुख्यमन्त्री लामाले बताए ।

विपद्बाट घाइते व्यक्तिहरूको शीघ्र स्वास्थ्य उपचारका लागि चिकित्सकीय टोली तथा आवश्यक औषधि तथा उपकरणहरूको व्यवस्थापन प्रदेश स्वास्थ्य मन्त्रालयले व्यवस्था गर्ने, तत्काल नागरिक आवागमन सहज बनाउन अवरुद्ध सडकहरूको मर्मत तथा व्यवस्थापनका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्य प्रारम्भ गर्ने निर्णय गरेको उनले बताए ।


**कम्पनीको नाम तथा स्थान परिवर्तन सम्बन्धि सूचना !**

यस कसमस इन्टरनेशल कलेज प्रा.लि. (कम्पनी दर्ता नम्बर २५५३३/६०/६१)ले Cambridge University UK को सम्बन्धमा कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ३ भि सि मार्गमा सञ्चालित A Level शैक्षिक कार्यक्रम सञ्चालन अनुमतिपत्र उक्त कम्पनीबाट स्थान तथा सञ्चालन स्वामित्व परिवर्तन गरि कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ३० सिसुवामा बिटिश कलेज पोखरा प्रा.लि. को नामबाट उक्त A Level शैक्षिक कार्यक्रम सञ्चालन गर्न लागेको हुंदा यस कसमस इन्टरनेशनल कलेज प्रा.लि.संग कसैको कुनै हर-हिसाव/लेनदेन बाँकी बक्यौता एवं कुनै किसिमको गुनासो तथा दावी विरोध भएमा यो सार्वजनिक सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय उच्च शिक्षा शाखा सिंहदरबार वा यस शिक्षण संस्थामा सोझै सम्पर्क गर्नुहोला उक्त मिति भित्र कसैको उजुरी वा दाबी विरोध नपरेमा प्रचलित कानून बमोजिम स्वतः भई जाने व्यहोरा सूचित गरिन्छ ।



**साउदीमा रोजगार** कम्पनी: JAWHARAT AL KHOBAR FACTORY FOR PLASTIC PRODUCTS

पूर्व स्वीकृत मिति : २०८१/०६/१२ | LT. No. 311454 | चलानी नं ६०२२५९२१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३५,७०६ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २० गते (6th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal,
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454 ,www.pashupatihr.com.np
श्रम ईजाजत नं. 1400/074/75



**साउदीमा रोजगार** कम्पनी: KILL PLUS RESTAURANT FOR SERVING MEALS शहर: RIYADH

पूर्व स्वीकृत मिति : २०८१/०६/११ | LT. No. 311413 | चलानी नं ६०२२५५९३४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | General Worker (Food Products Fator | 1 | 0 | 1200 | ४२,८२४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: ALMA PLUS CORPORATION FOR THE PROVISION OF BEVERAGES शहर: RIYADH

पूर्व स्वीकृत मिति : २०८१/०६/११ | LT. No. 311414 | चलानी नं ६०२२५८५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food & Beverage Agent | 5 | 0 | 1300 | ४६,४२१ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २० गते (6th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.**
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815
E-mail : believableoverseas@gmail.com
श्रम ईजाजत नं. 1283/074/75



**साउदीमा रोजगार** कम्पनी : Abdul Aziz Rashid Al Kathiri Contracting Company शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311464 | चलानी नं.६०२२५९३१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | Helper | 15 | 0 | 1000 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २० गते (6th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९



**साउदीमा रोजगार** कम्पनी : Mursal Hadi General Contracting Est शहर : Dammam

पुर्व स्वीकृति मिति २०८१/०६/११ | LT. No. 311407 | चलानी नं. ६०२२५८९२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रु. | | | | | | | |
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1800 | ६४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २० गते (6th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL** Manpower Services Pvt. Ltd
श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal-9, Kathmandu Nepal
Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com
Web: www.shivamintlmanpower.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सरकार ! विपद्को तयारी खोई ?

विपद्बाट नागरिकलाई जोगाउनु सरकारको मूल कर्तव्य हो । ठीक उल्टो सरकार विपद्जन्य घटनामा परी ज्यान गुमाएका नागरिकको संख्या गन्दै बसेको छ । नागरिक बाँच्न अन्तिम संघर्ष गरिरहँदा सरकार पूरापूर रमिते बनेको देखियो ।

जबकि, अविरल वर्षाका कारण आएको बाढिपहिरोमा परी शनिबार राति ११ बजेसम्ममा देशभर ८७ जनाले ज्यान गुमाइसकेका छन् । ७२ जना बेपत्ता भए । कयौं घरहरू डुबानमा छन् । कतै गुरुकुलमा रहेका विद्यार्थी फसे, कतै भैंसी गोठाले किसान कतै भने मजदुरहरू फसे । कतैचाहिँ बजारमाथि नदी कुद्यो ।

हिन्दू नेपालीहरूको चाड दसैं आउनै लाग्दा कयौं नागरिक घरबारविहीन भइसकेका छन् । वर्षभरि अन्न खानुपर्ने धानखेत नै बाढीले बगाएको अवस्था छ । नागरिकहरू यसरी दु:खै दु:खले थिचिँदा सरकारको भूमिका अभिभावकीय पटक्कै भएन । अझ शनिबारको उपत्यकाकै घटनाले त सरकार विपद् व्यवस्थापनमा कति कमजोर छ भन्ने उदांगो पार्‍यो । ललितपुरको नख्खु खोलाबीचमा फसेका नागरिकको तीन घण्टासम्ममा पनि उद्धार गर्न सकेन, सरकारले । अन्ततः राजधानीमै नागरिक भेलमा बग्नुपर्‍यो । तर, धन्नले बगेकामध्ये तीन जनाको उद्धार भयो । एक जना बेपत्ता छिन् । जे भए पनि नख्खु घटनाले सरकारको विपद् व्यवस्थापन तयारीलाई गिज्यायो ।

उसो त गत जेठको तेस्रो साता नै सरकारले विपद्बाट हुनसक्ने जोखिम आकलन गरेको थियो । त्यसका लागि विपद् प्रतिकार्य थालिएको जनाएको थियो । विपद्मा उद्धार अभ्यास सुरक्षाकर्मीलाई गराएको थियो । संघ, प्रदेश र स्थानीय सरकारले संयुक्तरूपमा विपद् प्रतिकार्यमा जुट्ने प्रतिबद्धता जनाएका थिए । तर, शनिबार एकैदिन विपद्मा परेर ठूलो संख्यामा नागरिक हताहतीमा परे । धेरैको अवस्था अज्ञात छ । अझै कतिपय उद्धारको याचना गरिरहेका छन् ।

यसले गर्दा सरकारले कागजी विपद् प्रतिकार्य गरेको प्रस्ट भएको छ । होइन भने खै त पहिरोबाट नागरिकलाई बचाएको ? खोइ त बाढीबाट जोगाएको ? के नाममात्रको विपद् प्रतिकार्य समूह ? सरकारी ढुकुटी सिध्याउने निकायमात्रै हो ? यावत् प्रश्न उठेका छन् ।

बाढिपहिरो सम्भावित क्षेत्रबाट नागरिकलाई सुरक्षित स्थानमा लानु सरकारकै दायित्व हो । सम्भावित जोखिमबारे सूचित गराउने जिम्मा पनि सरकारकै हो । त्यसले गर्दा सरकारका संयन्त्रहरूको एकद्वारा प्रणालीमार्फत परिचालन गरेर विपद्को बेला नागरिकलाई बचाउने अभिभाराबाट सरकार पञ्छिन मिल्दैन । करोडौं बजेट खर्चिएर गरिने सरकारको विपद् तयारी पूर्णतः निस्प्रभावी देखियो ।

त्यसो त सरकारकै एउटा निकाय जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले बुधबार नै सूचना जारी गरी बिहीबारदेखि लगातार चार दिन भारी वर्षा हुने भन्दै सतर्क रहन सूचना जारी गरेको थियो । तर, सरकार नै अचेत बनेको देखियो । यस्तो फेरि नदोहोरियोस् ।

## मननयोग्य

### चाणक्य नीति

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ । क्रमशः

# 'पर्यटन र शान्ति'को नारा र नेपालको पर्यटन



■ डा. विष्णुराज उप्रेती

पर्यटन क्षेत्र अपेक्षाकृत परिणाम दिन नसक्नु, वार्षिक २५ लाख पर्यटकलाई सुविधा दिनसक्ने नेपालको अहिलेको क्षमता भएर पनि ९-१० लाख पर्यटक भित्र्याउन नसक्नु, निजी क्षेत्र उत्साहित भएर लगानी गर्ने वातावरण नबन्नु र पर्यटन क्षेत्रको सम्भावना पूर्णरूपमा उजागर गर्न नसक्नुमा नेपाल सरकारका नीति, कानुन र संस्थागत संरचना समयसापेक्ष, पर्यटक सहयोगी र पर्यटनको निजी क्षेत्रका समस्या सम्बोधन गर्न नसक्ने भएरै हो । बर्सेनि करोडौं खर्च गर्ने नेपाल पर्यटन बोर्ड मन्त्रालयको छाँयामा छ, अपेक्षितरूपमा काम गर्न सकेको छैन ।

विश्व पर्यटन दिवस शुक्रबार विश्वभर मनाइयो । यस वर्षको संयुक्त राष्ट्रसंघको विश्व पर्यटन संगठनले तय गरेको नारा 'पर्यटन र शान्ति' छ । यही नारा प्रवर्द्धन गर्न यो संगठनले संसारभर पर्यटन दिवस मनाउने र यी कार्यक्रमहरूमा पर्यटन र शान्तिबारे बहस चलाउने, समीक्षा गर्ने, पर्यटनलाई शान्तिमैत्री र युवा केन्द्रित बनाउने उद्देश्य राख्यो । यही क्रममा शुक्रबार जर्जियाको राजधानी तिब्लिसीमा भवयरूपमा विश्वका पर्यटन मन्त्रीहरू र पर्यटन क्षेत्रका व्यक्तिहरू भेला भई पर्यटन दिवस मनाए । शान्ति र पर्यटनबीचको सम्बन्धलाई निम्न विभिन्न आयामसँग जोडेर हेर्न सकिन्छ ।

### १) पर्यटन र शान्तिको अन्तरसम्बन्ध:

संसारभरको अनुभवले के देखाएको छ भने पर्यटनले शान्ति प्रवर्द्धन गर्न जनतालाई एकै ठाउँमा ल्याउँछ, अर्थतन्त्र सुदृढ गराउँछ, र एक अर्का देश, भाषा, संस्कृतिबीच अनुभव आदानप्रदान गर्दछ । यी सबै अभ्यासबाट द्वन्द्व समाधान र शान्ति प्रवर्द्धनमा प्रत्यक्ष योगदान पुर्‍याउँछ ।

### २) स्थानीय रोजगारी सिर्जना र शान्ति:

पर्यटन यस्तो व्यवसाय हो जसले होटल, रेस्टुरेन्ट, टुर गाइड, ट्रेकिङ, कृषि, यातायात, र्‍याफटिङ, क्लाइम्बिङ दर्जनौं पेसालाई एकै ठाउँमा सहकार्यका लागि ल्याउँछ । यसले गर्दा एकैचोटी धेरै स्थानीय मानिसले काम पाउँछन् । वेरोजगारी द्वन्द्वको कारण भएको र रोजगारीमार्फत द्वन्द्वको कारणको सम्बोधन भई शान्ति प्रवर्द्धनमा सहयोग पुर्‍याउँछ ।

### ३) दिगो विकासको लक्ष्य हासिल गर्ने:

संयुक्त राष्ट्रसंघले तय गरेको १७ वटा दिगो विकासको लक्ष्यहरूमध्ये उद्देश्य १६ प्रत्यक्ष शान्ति प्रवर्द्धन, न्याय र सशक्त संगठनहरूको वकालत गर्दछ । त्यसैले यो उद्देश्यसँग पर्यटन र शान्ति पनि जोडिएको छ । पर्यटनले कसरी शान्ति प्रवर्द्धन गर्दछ भन्ने एउटा सशक्त उदाहरण ल्याटिन अमेरिकी देश कोस्टारिका पनि हो, जहाँ लगभग ५१ लख ३५ हजार जनसंख्या भएको देशमा वर्षको ३४ लाखसम्म पर्यटन जान्छन् ।

### ४) पर्यटन र सामाजिक न्याय:

पर्यटनबाट स्थानीय मानिसले रोजगारी पाएपछि उनीहरूको सामाजिक, आर्थिक अवस्था सुदृढ हुँदै जाने र यसले उनीहरूलाई न्यायमाथि पहुँच स्थापित गर्न, बालबच्चालाई शिक्षा दिन सहज भई यसले समाजमा सामाजिक न्याय स्थापना गर्नसमेत मद्दत गर्दछ । यसरी आर्थिक असमानता घटाउँदै लैजाँदा यसले लोकतन्त्रको आधारसमेत फराकिलो पार्दछ ।

### ५) शान्ति संवेदनशील पर्यटन र सामाजिक उत्तरदायित्व:

कुनै पनि देशमा द्वन्द्वको कारण सम्बोधन गरी शान्ति प्रवर्द्धन गर्न पर्यटनले सिर्जना गर्ने अवसरहरू (रोजगारीमूलक, समुन्नति केन्द्रित, सामाजिक न्यायमा स्थापना गर्ने, सुशासनमा योगदान) दिनेगरी गर्नुपर्दछ । यसका लागि पर्यटनको क्षेत्रमा आफैंले आचारसंहिता तयार गरी यो यो गर्ने, यो यो नगर्ने भन्ने परिभाषा बनाई कार्यान्वयन गर्नुपर्दछ । यसरी आफ्नो आचारसंहिता भएको र पालना गरिएको पर्यटनलाई जिम्मेवारी पर्यटन पनि भनिन्छ ।

### ६) पोखरा पर्यटन परिषद्को योगदान:

विश्वका धेरै देशले नगरेको र हाम्रै देशमा पनि अभ्यास नभएको यो पर्यटन आचारसंहिता र सामाजिक उत्तरदायित्वसम्बन्धी साझा प्रतिबद्धता पोखराका पश्चिमाञ्चल होटल व्यवसायी संघ, ट्रेकिङ एजेन्सी नेपाल, रेस्टुरेन्ट एण्ड बार एसोसिएसन, हवाई खेल संघ, पोखरा चेम्बर्स एण्ड इन्डस्ट्रिज, ट्रेकिङ इक्युपमेन्ट सप एसोसिएसन, इम्ब्रोयडरी एण्ड गार्मेन्ट एसोसिएसन, ट्याक्सी इन्टरप्रिन्युएरस् एसोसिएसन, पोखरा बस इन्टरप्रिन्युएरस् एसोसिएसन, टुरिजम वर्कर्स युनियन-कास्की, युनियन अफ ट्रेकिङस्, ट्राभल्स, र्‍याफ्टिङ र एयरलाइन वर्कर्स एसोसिएसन र नेपाल पत्रकार महासंघलगायतका १५ संस्था २०७० असोजमा एकै ठाउँमा आई दस्ताखत गरेका थिए । यसको उद्देश्य नै पर्यटन व्यवसायले द्वन्द्वलाई सहयोग पुग्ने काम नगर्ने र शान्ति प्रवर्द्धनमा सहयोग पुग्ने काम गर्ने तथा सामाजिक जिम्मेवारी पूरा गर्ने थियो । यो काम नेपाल सरकारले आफ्नो नीति र कानुनमै समावेश गरी नेपालको पर्यटन क्षेत्रलाई शान्तिमैत्री, स्वार्थको द्वन्द्व नबाझिने कार्यगत आचरण सुनिश्चित गर्नुपर्नेमा अहिलेसम्म गरेको देखिँदैन ।

### नेपाल सरकारले शान्तिमैत्री पर्यटन प्रवर्द्धनमा गर्नुपर्ने कार्यहरू:

#### क) पर्यटनमैत्री शान्तिको अवधारणा समावेश गर्ने

शान्तिको अवधारणालाई पर्यटनका नीति, रणनीति, कार्ययोजना, गुरुयोजना र कानुन तथा नियमावलीहरूमा समावेश गरी 'शान्तिमैत्री पर्यटन'को मूल मान्यता स्थापित गराउन आवश्यक छ । हालसम्म नेपाल सरकारका आधिकारिक दस्तावेजहरूमा शान्तिमैत्री पर्यटनको प्रस्ट परिभाषा, खाका र अवधारणा देखिँदैन । शान्तिमैत्री पर्यटनको अवधारणा विश्व पर्यटन परिषद्ले ल्याउनु आफैंमा राम्रो पक्ष हो र अब राष्ट्रहरूले पनि यो अवधारणालाई कार्यान्वयनमा लान सहजीकरण गर्न आवश्यक छ ।

#### ख) नीति निर्माण

नेपालको मौजुदा पर्यटन नीति पुरानो छ, समसामयिक र संघीयताको मर्मअनुरूपको छैन, पर्यटन क्षेत्रको गतिशीलता धान्नसक्ने खालको छैन । यसमा समन्वयको अभाव छ, व्यवसायी र पर्यटकहरूलाई सहजीकरण र सहयोग गर्नेभन्दा नियन्त्रणमुखी छ । अब यी सबै कमीकमजोरीहरूको सम्बोधन गर्नेगरी पर्यटन प्रशासकीय सेवा एकद्वारबाट मात्र र छोटो समयमै उपलब्ध गराउने सुनिश्चिततासहित बनाउन आवश्यक छ ।

#### ग) पर्यटन ऐन र संस्थागत संरचनामा सुधार

पर्यटन क्षेत्र अपेक्षाकृत परिणाम दिन नसक्नु, वार्षिक २५ लाख पर्यटकलाई सुविधा दिनसक्ने नेपालको अहिलेको क्षमता भएर पनि ९-१० लाख पर्यटक भित्र्याउन नसक्नु, निजी क्षेत्र उत्साहित भएर लगानी गर्ने वातावरण नबन्नु र पर्यटन क्षेत्रको सम्भावना पूर्णरूपमा उजागर गर्न नसक्नुमा नेपाल सरकारका नीति, कानुन र संस्थागत संरचना समयसापेक्ष, पर्यटक सहयोगी र पर्यटनको निजी क्षेत्रका समस्या सम्बोधन गर्न नसक्ने भएरै हो । बर्सेनि करोडौं खर्च गर्ने नेपाल पर्यटन बोर्ड मन्त्रालयको छाँयामा छ, अपेक्षितरूपमा काम गर्न सकेको छैन । त्यसैले अब पर्यटन मन्त्रालय, पर्यटन बोर्ड, विभागहरूसमेतको एकद्वार पर्यटन सेवाको अवधारणा कार्यान्वयन गर्ने गरी पुनर्संरचना गर्ने, कानुन, कार्यविधि र नीति पनि सोहीअनुरूप तर्जुमा गर्नेगरी परिमार्जन आवश्यक छ ।

#### घ) सार्वजनिक-निजी साझेदारी

नेपालको पर्यटन क्षेत्रलाई यसको सम्भावनाअनुसार फस्टाउन दिने हो भने अबको नीतिले पर्यटनको क्षेत्रमा 'सार्वजनिक-निजी साझेदारी' मोडल कार्यान्वयनमा ल्याउन आवश्यक छ । पर्यटन यति बृहत् छ कि यसको विकासका लागि दूरदृष्टि, पूर्णप्रतिबद्धता, सहयोगी नीति तथा कानुन र पर्यटन क्षेत्रभित्र व्यापक सहकार्य आवश्यक हुन्छ । यसमा सरकारले निजी क्षेत्र अटाउने र पर्यटन प्रवर्द्धन फस्टाउनेगरी उपयुक्त वातावरण (ऐन-कानुन, संस्थागत संरचना, नीति-कार्यनीति) बनाउन अपरिहार्य छ । अहिलेको अति प्रशासन केन्द्रित, स्वार्थ निर्देशित र नियन्त्रणको मान्यता र अभ्यासबाट सम्भव छैन । यसको परिवर्तनबाट मात्र नेपालमा 'शान्तिमैत्री पर्यटन' सुनिश्चित गर्न सकिन्छ । पर्यटन व्यवसाय पारदर्शी, आचरणयुक्त, जवाफदेहीपूर्ण, पर्यटकमैत्री, राज्यका ऐन-कानुन र नीति नियमसंगत तरिकाले सञ्चालन गर्ने काम पर्यटन व्यवसायी/निजी क्षेत्रको हो भने यसको कार्यान्वयनका लागि आवश्यक पर्ने सबै वातावरण बनाइदिने राज्यको दायित्व र जिम्मेवारी हो ।

#### ङ) शान्तिमैत्री पर्यटनका अरू पात्रहरू परिचालन

शान्तिमैत्री पर्यटन प्रवर्द्धन भन्नासाथ पर्यटन क्षेत्र विस्तारको अलावा अनुसन्धान, प्रसारण आदि आवश्यक पर्दछ । विश्वविद्यालयहरूले अनुसन्धान गर्ने र राज्यलाई सुझाव दिने तथा नागरिक संघसंस्थाहरूले खबरदारी गर्ने, सञ्चार जगतले यो क्षेत्रको प्रचारप्रसारमा लाग्दा परिणाम राम्रो आउँछ ।

#### च) पूर्वाधार विकास

शान्तिमैत्री पर्यटनका लागि आवश्यक पूर्वाधारहरू जस्तैः अभ्यास केन्द्रहरू, शान्तिमैत्री पर्यटन तालिम केन्द्रहरू, लुम्बीनीको गुरुयोजनाअनुसार विस्तार, शान्तिमैत्री पर्यटनका दक्ष जनशक्ति विकास र पर्यटनका अरू पूर्वाधारहरू जस्तैः हवाई क्षेत्र (पोखरा र लुम्बिनीमा अन्तर्राष्ट्रिय उडान सञ्चालन) महत्त्वपूर्ण पर्यटकीय स्थलहरूसम्म पुग्ने पहुँच विस्तार आदि गर्न अति आवश्यक छ ।

#### छ) राष्ट्रिय पर्यटक रणनीतिक योजना

राष्ट्रिय पर्यटक रणनीतिक योजना (२०१६-२०२५) को परिमार्जन वा नयाँ निर्माण गर्दा शान्तिमैत्री पर्यटनलाई थप सशक्त बनाउन आवश्यक छ । दीर्घकालीन सोचसहितको, एकीकृत समन्वयकारी र प्रवर्द्धनात्मक 'गुरुयोजना' पर्यटनमा अति आवश्यक भइसकेको छ । यसले संस्कृति, पर्यटन, हवाई क्षेत्रको अलावा पर्यटनसँग सम्बन्धित क्षेत्रहरूलाई एकीकृतरूपमा सम्बोधन गर्ने खालको र शान्तिमैत्री हुनुपर्दछ ।

#### ज) प्राकृतिक सौन्दर्य भएका क्षेत्रहरूको संरक्षण र प्रवर्द्धन

प्राकृतिक सौन्दर्य भएका क्षेत्रहरू जस्तैः ठूला ताल, हिमताल, मन्दिर, पहरा, झरना, जंगल, वन्यजन्तु, हिमालजस्ता क्षेत्रहरूबाट पर्यटकीय लाभ र प्रकृति संरक्षणको एकीकृत खाका बनाई यी अपार सम्पदाहरूका साथै नेपालका भाषा, लिपी, संस्कृति, चाडपर्व, सांस्कृतिक सम्पदा शान्तिमैत्री पर्यटनका लागि अति महत्त्वपूर्ण हुन्छ । किनकि यिनीहरूले मानिसको मनोभावनालाई सकारात्मक बनाउँछन्, मानिसबीच जोड्छन् । त्यसैले यिनीहरूको संरक्षण र प्रवर्द्धन पनि नेपालको पर्यटनको महत्त्वपूर्ण अंगको रूपमा विकास गर्न आवश्यक छ ।

#### झ) शान्तिमैत्री पर्यटनक्षेत्रको विविधीकरण

शान्तिमैत्री पर्यटनको क्षेत्रलाई विविधीकरण गरी वातावरणीय (वा पारिस्थितिक) पर्यटन, कृषि पर्यटन, शैक्षिक पर्यटन, स्वास्थ्य पर्यटन (शान्ति केन्द्रित उपचार गर्न गर्न संसारभरबाट मानिस आउने), ग्रामीण पर्यटन, धार्मिक पर्यटन, व्यावसायिक पर्यटन (अन्य गोष्ठी सभा-सेमिनारमा आउँदा केही समय थपी पर्यटकीयस्थल भ्रमण) चलचित्र पर्यटन, खानपिन पर्यटनजस्ता विविध क्षेत्र पहिल्याई त्यसलाई विस्तार गरेर नेपालमा वर्षको ५० लाख पर्यटक भित्र्याउन सकिन्छ ।

### निष्कर्ष:

नेपालमा विश्वकै उच्च आठवटा हिमालसहित अग्लामध्येका सयौं हिमालहरू, सयौं हिमताल, खर्क, चरण, ठूला ताल, विश्वकै चर्चित मन्दिरहरू (लुम्बिनी, पशुपति आदि), विश्वकै थोरै भूपरिवेष्ठित देशमध्येको अति विविधता भएको देश नेपाल, संयुक्त राष्ट्रसंघले विश्व शान्ति कायम गर्न पठाउने सेनाहरूमध्ये सबैभन्दा धेरै सेना पठाउने देश, शान्तिपूर्णरूपमा राजतन्त्रले गद्दी छोडेको देश, चीन र भारतजस्ता अति ठूला देशबीच अवस्थित देश भएकोले पनि विश्वका नागरिकको ध्यान नेपालले तान्न सक्छ । भारत र चीनमा आउने पर्यटकहरू मात्र हामीले नेपाल पनि ल्याउने वातावरण बनाउन सकेमा र विश्वभर हाम्रो यो विविधताको प्रचारप्रसार गर्न सकेमा नेपालमा वर्षको ५०-६० लाख पर्यटक भित्र्याउन सकिन्छ ।

राज्यले अहिलेको हाम्रा कूटनीतिक नियोगको कार्यशैली बदली लक्ष्य दिएर पर्यटक पठाउने व्यवस्था मिलाउने, मौजुदा नीति-कार्यक्रम, ऐन कानुन र नियमावली परिमार्जन गरी एकीकृत पर्यटनमैत्री एकद्वार प्रणालीसहितको नीति बनाई कार्यान्वयन गर्ने, निजी क्षेत्रलाई पर्यटन प्रवर्द्धनमा आवश्यक पर्ने सबै क्षेत्रमा सहजीकरण गर्ने, हालको पर्यटन बोर्ड पुनर्संरचना गरी वार्षिकरूपमा भित्र्याउनुपर्ने पर्यटकको संख्यासहित लक्ष्य तोकी कार्यकारी प्रमुख मूल्यांकन यसैको आधारमा गरी हटाउनेसम्मको व्यवस्था कानुनमै गर्न आवश्यक छ । *रासस*

*(लेखक द्वन्द्व, शान्ति, भूरणनीति तथा सार्वजनिक नीति अध्यता हुन्)*

## पत्र-मञ्जुषा

### चाडपर्व मनाउन जाने नागरिक उपत्यकामै रोकिन नपरोस्

सरकारले शनिबारदेखि चाडपर्वका लागि अग्रिम टिकट बुकिङ खुला गर्‍यो । नजिकिँदै गरेको दसैंमा घर जाने तयारीमा रहेका उपत्यकावासी टिकट काट्न उत्साहित थिए । तर, उनीहरूको उत्साहलाई बिहीबारदेखि परेको अविरल वर्षाले निराशामा परिणत गरिदियो । लगातारको वर्षाले काठमाडौं उपत्यकासहित देशभर नै ठूलो क्षति पुर्‍याएको छ । धेरैको ज्यान जानुका साथै भौतिक क्षति भएको अवस्था छ ।

वर्षापछि अहिले काठमाडौंसँग जोड्ने सबै सडकमार्ग बन्द भएका छन् । कतै सडक बाढीले बगायो, कतै भास्सिए, कतै पहिरोले पुरिए । जतातते अवरोध मात्रै छ अहिले, काठमाडौंसँग जोडिएका सडक । कतिपय मुख्य पुलहरू नै बगाएका छन् । चाडवाडअघिको यो विपद्ले देश नै शोकमा डुबाएको छ । बाढीपहिरोले क्षतविक्षत बनाएका सडक के सरकारले केही दिनभित्रै सवारीसाधन चल्नेगरी तयार गर्ला त ? अहिले सबैको चासो यसैमा छ ।

सरकारले जसरी हुन्छ, अवरुद्ध सडकहरू तत्काल मर्मत गरी सञ्चालनमा ल्याउन पहल गर्नुपर्छ । वर्षदिनमा आउने चाड मनाउन आफ्नो गाउँघरसम्म जाने व्यवस्था मिलाइदिनुपर्छ । यसका लागि पानी रोकिनासाथ जनशक्ति परिचालन गरियोस् ।

बाढीपहिरोको अवरोध बाबजुत सर्वसाधारण अग्रिम टिकट बुकिङका लागि पुगेको देखियो । नयाँ बसपार्कलगायतका काउण्टरहरूमा सर्वसाधारणको लाइन थियो, शनिबार । यसले पनि उनीहरू चाडपर्व मनाउन घर जान कति उत्साहित छन् भन्ने प्रस्ट देखाउँछ ।

प्राकृतिक विपत्ति एउटा ठाउँमा छ । यसले अपूरणीय क्षति पुर्‍याइ नै सक्यो । यो विपत्तिबाट पीडित भएकाहरूलाई उद्धार, राहत, उपचार तथा पुनःस्थापनाको व्यवस्था गर्न ढिलाइ गर्नु हुँदैन । साथमा दसैं मनाउन जाने तयारीमा रहेकाहरूलाई पुनः निराश बनाउनेगरी बाटोको अवरोध नहटाउने गल्ती सरकारले नगरोस् । यसका लागि सबैपक्षबाट सरकारलाई दबाब दिन आवश्यक छ । साथै, जिम्मेवार सरोकारवालाहरू पनि यसमा लाग्न जरुरी छ ।

– ***संगम रोका***

*बुटवल (हाल वनस्थली, काठमाडौं)*

#### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**वर्षाले भासिएको राप्ती लोकमार्ग** | दाङको तुलसीपुरबाट सल्यानहुँदै रुकुम जोड्ने सडक राप्ती लोकमार्गअन्तर्गत तुलसीपुर उपमहानगरपालिका–३ स्थित राम्रीमा अविरल वर्षात्का कारण शनिबार भासिएको सडक । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

### उदयपुरको बेलका क्षेत्रमा सप्तकोशीको बाढी

# एक हजार ५०० घर उच्च जोखिममा

**उदयपुर (गाईघाट)**– अविरल वर्षापछि जिल्लाको बेलका नगरपालिका-३ स्थित भाटेपुललगायत क्षेत्रमा सप्तकोशी नदीको बाढी पस्दा करिब एक हजार ५०० घर बाढीको उच्च जोखिममा परेका छन् ।

बेलका नगरपालिका प्रमुख अशोक कार्कीकानुसार वडा नं ३ को भाटेपुल क्षेत्र र वडा नं ८ को लाहुरेखोचमा बाढी पसेपछि ती परिवार उच्च जोखिममा परेका प्रहरीले जनाएको छ । यसरी जोखिममा परेका करिब १५० जनालाई शनिबार नै नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको सहयोगमा उद्धार गरेर अन्य सारिएको बेलका नगरपालिकाले जनाएको छ ।

यस्तै, बेलका-३ को श्रीलंका टापु र चिचिलिया टापु क्षेत्रमा पनि बाढी पस्न थालेपछि सुरक्षाकर्मी र स्थानीय मिलेर उद्धारको प्रयास भइरहेको नगरप्रमुख कार्कीले जानकारी दिएका थिए ।

नगर उपप्रमुख जिरा राईले सप्तकोशीमा पानीको बहाव निरन्तर बढ्दै गइरहेकाले वडा नं १, २, ३, ५, ६, ७, ८ लगायतका वडा बढी जोखिममा परेका बताए । प्रभावित क्षेत्रका जनतालाई सुरक्षा निकायको सहयोगमा उद्धार कार्य गरी नजिकैको विद्यालय तथा क्याम्पसमा राख्ने काम भइरहेको उनले जानकारी दिए ।

यस्तै नगरको वडा नं ८, २ र ३ का नदी तटीय क्षेत्रका होटल, रिसोर्टसमेत डुबानमा पर्न परेका छन् । यो समाचार तयार पार्दासम्म नगरको चिलिया र श्रीलंका टापुलाई नदीको बाढीले घेरेको कारण यहाँका नागरिकको उद्धार गर्ने प्रयास भइरहेको नगरपालिकाले जनाएको छ । *रासस*

# रेबिज शून्यमा झार्न कुकुर र बिरालो सूचीकृत गरिँदै

**कञ्चनपुर**– रेबिज संक्रमणलाई शून्यमा झार्न शुक्लाफाँटा नगरपालिकाले घरपालुवा कुकुर र बिरालो सूचीकृत गर्न थालेको छ । नगरले खोप अभियान सञ्चालन गरी रेबिज संक्रमण शून्यमा झार्ने उद्देश्यले कुकुर र बिरालो सूचीकृत गर्न थालेको हो ।

कुकुर तथा बिरालोको टोकाइबाट हुने रेबिज रोकथाम गर्न नगरपालिकाले वडा कार्यालयमार्फत सूचीकृत गर्ने कार्य गरिरहेको नगरपालिकाको पशु विकास शाखाका प्रमुख रामप्रसाद भट्टले बताए । सन् २०३० सम्म रेबिजलाई शून्यमा झार्ने उद्देश्यले योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन सञ्चालनको तयारी भइरहेको जनाउँदै सोहीअनुसार पहिलो चरणमा सूचीकृत गर्न थालिएको उनले उल्लेख गरे ।

'सूचीकृत भएका कुकुर र बिरालोलाई रेबिजविरुद्धको खोप लगाउन सहज होस् भनेर सूचीकृत गरिएको हो,' भट्टले भने, 'खोप अभियान सञ्चालन गरी रेबिजलाई शून्यमा झार्ने छौं ।' सूचीकृत गर्नका लागि आगामी कात्तिक ६ गते सम्मको समयसीमा निर्धारण गरिएको उनले जानकारी दिए ।

सूचीकृत गर्ने काम सम्पन्न भएपछि त्यसको आधारमा रेबिजविरुद्धको खोप लगाउन वडावडामा टोली परिचालन गरिने शाखा प्रमुख भट्टले बताए । बर्सेनि बहुलाएका स्यालले कुकुर र बिरालोलाई टोक्दा नगरपालिका क्षेत्रमा रेबिजको संक्रमण बढ्दै गएको उनको भनाइ छ ।

दुई साताअघिमात्रै बहुलाएको स्यालले शुक्लाफाँटा-२ रानीपुरमा छ जना मानिस र केही घरपालुवा कुकुरलाई टोकेको थियो । बहुलाएका स्यालले घरपालुवा कुकुर, बिरालो, जनावर तथा मानिसलाई टोक्ने र त्यसबाट रेबिजको संक्रमण सर्ने गरेको शाखा प्रमुख भट्टले बताए । 'जनचेतनाको अभावमा धेरै जनाले रेबिजविरुद्धको खोप नलगाएर घरमा बस्दा अन्यलाई संक्रमण सर्ने जोखिम हुनाका साथै स्थानीयको मृत्युसमेतका घटना भएका छन्,' उनले भने ।

बहुलाएका स्याल, कुकुर, बिरालोलगायत जनावरले टोकेमा अनिवार्य रेबिजविरुद्धको खोप लगाउनुपर्ने भन्दै खोपबारे जनचेतना फैलाउन स्थानीय जनप्रतिनिधि, सरोकार भएका संघसंस्थालगायत निकायले सहकार्य र समन्वय गर्नुपर्ने शाखा प्रमुख भट्टले जोड दिए । 'रेबिजको भाइरस शरीरमा प्रवेश गरेको एक सातादेखि एक वर्षभित्रमा शरीरमा संक्रमण देखापर्ने गर्दछ । रेबिजविरुद्धको खोप नलिएमा लक्षण देखापरेका व्यक्तिलाई कुनै पनि हालतमा बचाउन सकिँदैन,' उनले भने । घरपालुवा तथा सामुदायिक (छाडा) कुकुर र बिरालोको बन्ध्याकरणसँगै रेबिजविरुद्धको खोप लगाउने कार्य सँगै गरिने शाखा प्रमुख भट्टले जानकारी दिए । *रासस*

# ढोरपाटनमा बन्दै सुविधासम्पन्न पर्यटन सूचना केन्द्र

**बागलुङ**– नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पर्यटकको सहजताका लागि पर्यटन सूचना केन्द्र निर्माण गरिने भएको छ । सूचनाको अभाव तथा भरपर्दो पर्यटकीय पूर्वाधार तथा सडकसमेत नभएकाबारे गुनासोका बीच यहाँ आउने पर्यटकलाई सही सूचना प्रदान गर्ने उद्देश्यले सूचना केन्द्र निर्माण गर्न लागिएको हो ।

ढोरपाटनमा सिकार खेल्न विदेशी सिकारी हेलिकप्टर चार्टर्ड गरेर आउने गरेका छन् भने आन्तरिक पर्यटक स्थलमार्गमार्फत यहाँ भ्रमण तथा अवलोकनमा आउने गरेका छन् । यसैलाई लक्षित गरी पर्यटन विभागले चालु आर्थिक वर्षमा सूचना केन्द्र निर्माण गर्न लागेको जनाइएको छ ।

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले पर्यटकको संख्यामा बर्सेनि वृद्धि हुँदै गएपछि पर्यटन विभागले यहाँ पर्यटन सूचना केन्द्र निर्माण गर्न लागेको जानकारी दिए । नगरपालिकाको वडा नं ९ स्थित पाखाथरमा आकर्षक पर्यटकीय केन्द्र निर्माणका लागि ठेक्का सम्झौता गरिएको उनले बताए ।

कायातकानुसार पहिलो चरणमा चार करोड रूपैयाँ लागतमा पर्यटन सूचना केन्द्र भवन निर्माणका लागि श्री डोलेश्वर महादेव निर्माण प्रालिसँग सम्झौता भएको छ । पूर्वाधार निर्माणसँगै पार्क, संग्रहालय तथा पर्यटकका लागि आवश्यक पर्ने अन्य जानकारी दिन उक्त केन्द्रले निर्माण गर्न लागिएको हो । 'ढोरपाटनमा पछिल्लो समय १५ हजार आन्तरिक तथा बाह्य पर्यटक भित्रिने गरेका छन्, जसमध्ये पर्याप्त सूचना र पूर्वाधारको अभावमा पर्यटक अलमल भएको हामीले महसुस गरेका थियौं,' उपप्रमुख कायतले भने, 'पर्यटन विभागसँग गरिएको समन्वयले यहाँ सुविधासम्पन्न पर्यटन सूचना केन्द्र निर्माण गरिने भएको छ । सूचना केन्द्रसँगै व्यवस्थित पार्क बनाइने छ, संग्रहालयसमेत बनाइने छ ।'

चालु आर्थिक वर्षमा चार करोड रूपैयाँ लागतमा उक्त पर्यटकीय पूर्वाधार केन्द्र निर्माण गरिने छ । पर्यटकीय पूर्वाधारसहित सूचना केन्द्र निर्माणका लागि जग्गाको व्यवस्थापन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) नगरपालिकाले बनाएको थियो ।









संघीय सांसद् देविप्रकाश भट्टचनले यहाँ भित्रिएका पर्यटकलाई धेरैभन्दा धेरै ठाउँमा पुऱ्याउन, यहाँको पहिचान, कला तथा संस्कृतिको विषयमा आवश्यक जानकारी दिन नगरपालिकाको मागअनुसार सूचना केन्द्र निर्माण योजना अगाडि बढेको बताए । नेपालकै एकमात्र सिकार आरक्ष भएकाले महँगो शुल्क तिरेर नाउर र झारलको सिकार गर्न यहाँ पर्यटक आउने गरेकाले उनीहरूको सहजताका लागि सूचना केन्द्र उपयोगी हुने उनले विश्वास व्यक्त गरे । ढोरपाटनमा आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ जना आन्तरिक र बाह्य पर्यटक भित्रिएका र त्यसबाट १९ लाख रूपैयाँ राजस्व संकलन भएको आरक्ष कार्यालयका संरक्षण अधिकृत मन्दिप पंगेनीले जानकारी दिए । उनले पर्यटकलाई ढोरपाटन प्रवेशद्वार देउरालीमा केही जानकारी दिने गरिए पनि सूचना केन्द्र स्थापना भएमा थप प्रभावकारी हुने बताए । *रासस*


**नेपाली सेना**

**श्री राष्ट्रिय सेवा दल, काठमाण्डौ**

**बिद्युतीय बोलपत्र (e–GP) आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१३ गते)**

यस सेवा दलको लागि आ.व.०८१/८२ को लागि आवश्यक स्टेशनरी, सफाईको सामान, प्रिन्टर तथा फोटोकपी मेशिनहरुको टोनर कार्टिज तथा छपाई लगायत सामानहरु खरिद गर्नको लागि बिद्युतीय बोलपत्र (**e–GP**) आव्हान गरिएको हुंदा ईच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | सूचना नं. | सामानको बिबरण | बोलपत्र जमानत रकम रु. | बोलपत्र मान्य अवधि | बोलपत्र दस्तुर रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलुवा मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | NA/ NCC/081/82/02 | स्टेशनरी, सफाई, छपाई तथा अन्य मसलन्द सामग्रीहरु | ५४,०००।०० | ९० दिन | ३,०००।०० | २०८१/०७/१३ गतेको १२०० बजे | २०८१/०७/१३ गतेको १३०० बजे, जगन्नाथदेवल, काठमाण्डौ |

१. बोलपत्र जमानत बापतको बैंक जमानतको अवधि बोलपत्रको मान्य अवधिभन्दा ३० दिन बढी अर्थात १२० दिनको हुनुपर्नेछ । बोलपत्र जमानत रकम नगदै राख्नेको हकमा श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुन्धाराको नेपाल बैक लिमिटेड, भुगोलपार्कमा रहेको खाता नं. ००२०१०००००२००३००००१ मा कार्यालय कोड नं. ३४५०१३५५२ उल्लेख गरि जम्मा गर्नु पर्नेछ । साथै, बोलपत्र दस्तुर बापतको रकम नेपाल बैंक लिमिटेडमा रहेको खाता नं. ००१०१००००००००१००१००१ मा कार्यालय कोड नं. ३४५०१३५५२ उल्लेख गरी राजश्व शीर्षक नं. १४२२९ मा जम्मा गरी सोको भौचर पेश गर्नु पर्ने छ ।

२. ईच्छुक बोलपत्रदाताहरुले थप जानकारीको लागि कार्यालय समय भित्र यस राष्ट्रिय सेवा दलको सम्पर्क नं. ०१-४११७४०३ वा ईमेलः **ncc@nepalarmy.mil.np** मा सम्पर्क गर्न सक्नु हुनेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको **website:www.bolpatra.gov.np/egp** बाट विस्तृत जानकारी प्राप्त गर्न सक्नु हुनेछ ।



**Provincial Government**

**Ministry of Water Supply, Irrigation and Energy**

**Koshi Province, Biratnagar, Nepal**

**Invitation for E- Bids**

**Date of Publication: 2081/06/13 (29/09/2024)**

1. Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar, Nepal (MoWSIE, Koshi Province) invites electronic bid from eligible bidders for the following contract Works/ Goods under National Competitive Bidding Procedures.

| S. N. | Contract No. | Description of works | Location | Estimated Amount with VAT | Bid Security Amount (NRs.) | Bid validity period | Bid Security validity period | Fee for bid document (NRs.) | Last date of bid Submission | Bid Opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MoWSIE-KP/ DoIEGoods/081-82/NCB-02 | Supply, Delivery, Installation, Testing, Commissioning including civil works Electrical works all complete as per specifications for establishment of Electric vehicle charging station. | Ten (10) different places of Koshi Province | NA | 7,60,000.00 | 90 days | 120 days | 5,000.00 | 2081/07/13, 12:00 hrs | 2081/07/13, 12:30 hrs | Single Stage Double envelop |
| 2. | MoWSIE-KP/ DoIEGoods/081-82/NCB-03 | Supply, Delivery, Installation, Testing, Commissioning of Electric Incinerating Machine. | Kankai, Jhapa | NA | 5,10,000.00 | 90 days | 120 days | 3,000.00 | 2081/07/13, 12:00 hrs | 2081/07/13, 12:30 hrs | Single Stage Double envelop |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portals specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number- 1000100201010001, Rajashwa Heading No- 14229, Office Code No. 3130013011 (of MoWSIE-Koshi Province) in Rastriya Banijya Bank Ltd. or Bank Guarantee issued by a Class-A Commercial Bank in Nepal drawn in favor of the MoWSIE, Koshi Province, in the format supplied in the bid document or the form acceptable to the MoWSIE, Koshi Province. A Pre-bid Meeting shall be held at MoWSIE, Koshi Province on 2 Kartik 2081 at 11:00 hrs. As above within the date and time Specified.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp (e-GP II on or before 12:00) on ***2081/07/13,*** Bids received after this deadline will be rejected.
4. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.

(Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the notice board of MoWSIE, Koshi Province, Biratnagar)

**Office Chief**

### 'सानो संसार'को प्रदर्शन स्थगित

फिल्म 'सानो संसार'का निर्माताले आइतबारदेखि प्रदर्शन स्थगित गर्ने निर्णय गरेका छन् । बाढीपहिरो र प्राकृतिक विपत्तिले मानिसलाई आवतजावत गर्न समेत कठिन भएकाले यस्तो निर्णय गरिएको निर्माताद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । निर्माता अर्जुन कुमार र माधव वाग्लेले विज्ञप्तिमार्फत जनधनको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै केही समयको लागि प्रदर्शन रोक्ने निर्णय गरिएको उल्लेख गरेका छन् । सहज वातावरण भएपछि फिल्मको पुनः प्रदर्शन गरिने जनाइएको छ । 'सम्भवतः कात्तिक वा मंसिरका लागि नयाँ प्रदर्शन मिति घोषणा गर्नेछौं' निर्माता कुमारले भने, 'प्रदर्शन सार्ने निर्णयबाट दर्शकलाई परेको असुविधाप्रति क्षमाप्राथि छौं ।'






## 'पूर्ण बहादुरको सारंगी'को दोस्रो गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'पूर्ण बहादुरको सारङ्गी'को दोस्रो गीत सार्वजनिक भएको छ। निर्माणपक्षले चलचित्रको दोस्रो गीत युट्युब च्यानलमार्फत सार्वजनिक गरेको हो ।

'दाहिने हातैमा'मा बोलको गीतमा शब्द, संगीत तथा स्वर प्रशान्त शिवाकोटीको छ। गीतले सिनेमाका प्रमुख पात्रहरूको जीवनको कथा भनेको छ। रातबिहान होस् वा घाम अथवा झरी रुझ्दै र घाममा टट्दिै गाउँगाउँ हिँड्नु परेको गन्दर्भको यथार्थ गीतले प्रष्ट पारेको छ ।

गीतले दुःख मात्रै होइन प्रेमको कुरा पनि गरेको छ । लुकीलुकी चौतारीमा मायालुसँग भेटेको प्रसंग गीतले समेटेको छ । मायालुको बखान गरेको गीतले मायाको छेउमा पुग्दा सपनीबाट ब्युझिएको प्रष्ट पार्दै ड्रिम सिक्वेन्स भएको जानकारी दिएको छ ।

यो गीत सुनाउँदै गर्दा चलचित्रमा मुख्य पात्र विजय बराल, मुकुन भुसाल, अञ्जना बराइली, बुद्धि तामाङ, देशभक्त खनालगायत कलाकार देखिन्छन् । उनीहरू घरघर गएर गीत गाइरहेको भिडियोमा देखिन्छ । यसअघि, चलचित्र 'पूर्ण बहादुरको सारङ्गी'को गीत 'काँधेकुरी' सार्वजनिक भएको थियो ।

सरोज पौडेलको लेखन तथा निर्देशन रहेको चलचित्र कात्तिक १५ गते रिलिज हुँदैछ । चलचित्रमा विजय बराल, प्रकाश सपूत, मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिसा बास्तोला, स्वायम् केसी, जान्वी पौडेलगायतको अभिनय छ ।

चलचित्रको थिम पोस्टरले नै उत्सुकता जगाएको सिनेमाको टिजर सार्वजनिक भएपछि हाइप बढाएको छ । टिजरले नै प्रतिक्षित बनाएको चलचित्रको गीत पनि मर्मस्पर्शी रहेका छन् । सेभेन सिस सिनेमा र बासुरी फिल्मसको प्रस्तुति रहेको चलचित्रमा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता हुन् ।

यो चलचित्रलाई नेपाल र अन्तर्राष्ट्रिय रूपमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्दै छ । सोसल-ड्रामा जनरा निर्माण भएको चलचित्रले गन्धर्व परिवारको कथामा आधारित रहेको छ । सिनेमाको पटकथा तथा संवाद महेश दवाडीले लेखेका छन् । विनोद र प्याट्रिकको लगानी रहेको सिनेमाका कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल हुन् । सिनेमामा प्रशान्त सिवाकोटीको संगीत, हेमन्त कान्छा रसाइलीको सारङ्गी, प्रशान्त सिवाकोटी, मेलिना राई र पुष्पन प्रधानको स्वर रहेको छ ।

## अमेरिकामा 'छक्कापञ्जा ५'को बुकिङ खुल्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** यसवर्षको प्रतीक्षित नेपाली फिल्म 'छक्कापञ्जा ५'को अग्रिम बुकिङ अमेरिकामा खुला भएको छ । वितरण कम्पनी नेपाल इलेभेन इन्टरटेनमेन्टले विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएको हो ।

नेपालसहित अन्य मुलुकभन्दा अमेरिकामा सबैभन्दा पहिले बुकिङ खुला भएको वितरक प्याट्रिक सुवेदीले बताए। केही हलले बुकिङ खुला भएको जानकारी वेब-साइटबाट समेत दिएका छन् । न्यू इङ्ल्याण्ड क्षेत्र र न्यूयोर्कमा केन्द्रित एप्पल सिनेमाजले आफ्ना सबै चेनमा अग्रिम बुकिङ खोलेको छ । यो बुकिङ 'छक्कापञ्जा ५'को पहिलो बक्स अफिस बुकिङ हो ।

बोस्टनमा मुख्यालय रहेको उक्त चेनले बोस्टन, न्यू ह्याम्पसायर, न्यूयोर्कका २ थिएटर, कनेक्टिकट र रोड आइल्यान्डमा फिल्मका ५८ शोज खुला गरेको छ । सिनेपोलिस सिनेमाजले पनि १० अक्टोबरको साँझदेखि युलेस, टेक्सासमा अग्रिम बुकिङ खोलेको छ, जसमा पहिलो हप्ताका लागि २३ शो हुनेछन्। वितरकका अनुसार डलास क्षेत्रमा मात्र थप तीन थिएटरमा यो फिल्म प्रदर्शन हुनेछ ।


**Salpasilichho Rural Municipality,Bhojpur**

**Invitation for Bids**

**Invitation for Bids No.: SRM/RC/NCB/01/081/082**

**Date of publication: 29-09-2024**

1. Salpasilichho Rural Municipality,Bhojpur invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Construction of new track opening and other structural work under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. (in NRs) 13015205.96 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Salpasilichho Rural Municipality,Bhojpur, Bhojpur, Salpasilichho Rural Municipality, Bhojpur, Koshi Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nabil Bank Ltd.
   Name of Office: Salpasilichho Rural Municipality,Bhojpur
   Office Code no:
   Office Account no: 21601017500040
   Rajaswa (revenue) Shirshak no.:
4. Pre-bid meeting shall be held at Salpasilichho Rural Municipality, Bhojpur Koshi Pradesh Nepal at 17-10-2024 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Salpasilichho Rural Municipality,Bhojpur, Bhojpur, Salpasilichho Rural Municipality, Bhojpur, Koshi Pradesh, Nepalby hand/courier or through PPMO website www. bolpatra.gov.np/egp on or before 30-10-2024 11:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 30-10-2024 13:00 at the office of Salpasilichho Rural Municipality, Bhojpur Koshi Pradesh Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 450000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Evaluation and Qualification Criteria:

**Conflict of Interest:**
No conflicts of interest in accordance with ITB Sub-Clause 4.3. Single Entity : must meet requirement
**Joint Venture :**
All Partners Combined : existing or intended JV must meet requirement Each Partner : must meet requirement
One Partner : not applicable Documents:
Submission Requirements : Letter of Bid
Government/DP Eligibility:
Not having been declared ineligible by government/DP, as described in ITB Sub-Clause 4.4. Single Entity : must meet requirement
Joint Venture :
All Partners Combined : must meet requirement Each Partner : must meet requirement
One Partner : not applicable Documents:
Submission Requirements : Letter of Bid
Government-owned Entity:
Bidder required tomeet conditions of ITB Sub-Clause 4.5. Single Entity : must meet requirement
Joint Venture :
All Partners Combined : existing or intended JV must meet requirement Each Partner : must meet requirement
One Partner : not applicable Documents:
Submission Requirements : Forms ELI - 1, ELI - 2, with attachments
UN Eligibility:
Not having been declared ineligible based on a United Nationsresolution or Employer's country law, as described in ITB Sub-Clause 4.7.
Single Entity : must meet requirement Joint Venture :
All Partners Combined : existing or intended JV must meet requirement Each Partner : must meet requirement
One Partner : not applicable Documents:
Submission Requirements : Letter of Bid
Bidder's Participation in Bidding Process:
Bidder's Participation in not more than five (5) bidding process since 2078-12-03 i.e. March 17, 2022 as described in ITB Sub-Clause 4.8.
Single Entity : must meet requirement Joint Venture :
All Partners Combined : existing or intended JV must meet requirement Each Partner : must meet requirement
One Partner : not applicable Documents:
Submission Requirements : ELI-3
Other Eligibility: Firm Registration Certificate:
Single Entity : must meet requirement Joint Venture :
All Partners Combined : not applicable Each Partner : must meet requirement One Partner : not applicable Documents:
Submission Requirements : Document attachment
Other Eligibility: Business Registration Certificate (License):
Single Entity : must meet requirement Joint Venture :
All Partners Combined : not applicable Each Partner : must meet requirement One Partner : not applicable Documents:
Submission Requirements : Document attachment
Other Eligibility: VAT and PAN Registration certificate:
Single Entity : must meet requirement Joint Venture :
All Partners Combined : not applicable Each Partner : must meet requirement One Partner : not applicable Documents:
Submission Requirements : Document attachment
Other Eligibility: Tax Clearance certificate:
Tax clearances certificate for the F/Y or Tax return submission evidence or evidence of tax time extension for.
Single Entity : must meet requirement Joint Venture :
All Partners Combined : not applicable Each Partner : must meet requirement One Partner : not applicable Documents:
Submission Requirements : Document attachment
Other Eligibility: Additional requirements :
Ownership or Rental Agreement Of Excavator , Document Of Supervisior having at least 3 years Experience in the field




साफ यू-१७

## भारतसँग पराजित हुँदै सेमिफाइनलबाटै बाहिरियो नेपाल



**काठमाडौं (प्रस)–** नेपाल साफ यु-१७ को सेमिफाइनलबाटै बाहिरिएको छ । शनिबार भएको खेलमा भारतसँग ४-२ ले पराजित हुँदै नेपाल अन्तिम चारबाट बाहिरिएको हो। खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । तर, दोस्रो हाफमा सात मिनेटको अन्तरालमै विशालले दुई गोल गर्न पुगेपछि नेपालको यात्रा रोकिएको हो। उनले ६१ र ६८औं मिनेटमा गोल गरे । तर, ८१औं मिनेटमा कप्तान सुवास बमले गोल गर्दै नेपाललाई २-१ को स्थितिमा ल्याएका थिए ।

नेपालको उक्त खुसी चार मिनेट पनि टिकेन । भारतका ऋषी सिंहले अर्को गोल गरेपनि नेपाल ३-१ ले पछि पऱ्यो । त्यसको चार मिनेटपछि भारतमा मोहम्मेद क्याफले आत्मघाती गोल गर्न पुग्दा नेपाल ३-२ को स्थितिमा थियो । तर, इन्जुरी समयको पाँचौं मिनेटमा हेम्नीचुङ लुन्किमले अर्को गोल गर्दै भारतलाई ४-२ को सहज जित दिलाए ।

भारतले उपाधिका लागि पाकिस्तान र बंगलादेशबीचको विजेतासँग सोमबार भिड्ने छ ।

## न्यूजिल्याण्ड श्रीलंकाविरुद्धको दोस्रो टेस्टमा फलोअनमा

**काठमाडौं (प्रस)–** न्यूजील्याण्ड श्रीलंकाविरुद्धको दोस्रो टेस्टमा फलोअनमा परेको छ । टेस्टको तेस्रो दिन न्यूजील्याण्ड आफ्नो पहिलो इनिंगमा केवल ८८ रनमा अल आउट भएपछि फलोअनमा परेको हो ।


न्यूजील्याण्डका लागि मिचेल सान्टनरले सर्बाधिक २९ रन बनाए भने डार्यल मिचेलले १३ र रचिन रविन्द्रले १० रन बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेका थिएनन् । न्यूजील्याण्डको ब्यातिंग लाइन ध्वस्त गर्नेक्रममा श्रीलंकाका प्रबाथ जयसूर्यले सर्बाधिक ६ विकेट लिएका थिए भने निशान पेइरिसले ३ तथा असिथा फेर्नांडोले एक विकेट लिएका थिए ।

फलोअनमा परेको न्यूजिल्याण्डले आफ्नो दोस्रो इनिंग शुरु गरेको छ भने लन्च सम्म एक विकेट गुमाएर ३ रन बनाएको छ ।

यस अघि श्रीलंकाले पहिलो इनिंगमा ६०२ रन बनाएर इनिंग घोषणा गरेको थियो । टेस्टको दोस्रो दिन शुक्रबार श्रीलंकाका तीन ब्याट्सम्यानको शतक सहित ५ विकेट गुमाएर ६०२ रन बनाए पछि इनिंग घोषणा गरेको थियो ।

श्रीलंकाका लागि कमिन्दु मेन्डिसले १८२ रन बनाएका थिए । श्रीलंकाका लागि आठौ टेस्ट खेल खेलिरहेका कमिन्दुले हरेक टेस्टमा अर्धशतक बनाएर नयाँ किर्तिमान बनाएका छन् । त्यस्तै यस खेलमा दिनेस चान्डिमलले ११६ र कुशल मेन्डिसले १०६ रन बनाएका थिए । २ टेस्टको यस सिरिजमा श्रीलंकाले पहिलो टेस्ट खेल जितेर १-० को अग्रता बनाएको छ ।

# युक्रेनमा चीनको शान्ति प्रयासमाथि अमेरिकी विदेशमन्त्रीको प्रश्न



**न्युयोर्क–** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले रुसी सेनालाई युद्ध सामग्री निर्यात गरेको आरोप लगाउँदै शुक्रबार युक्रेनमा शान्ति स्थापना गर्ने चीनको मनसायप्रति प्रश्न उठाएका छन् ।

ब्लिन्केनले संयुक्त राष्ट्रसंघको महासभाको क्रममा चिनियाँ विदेशमन्त्री वांग यीसँग भेटवार्ता गरेका हुन् । भेटका क्रममा चीनको कूटनीतिक प्रगतिलाई श्रेय दिँदै ब्लिन्केनले संयुक्त राज्य अमेरिकाले रुसलाई युद्धका लागि आवश्यक सामग्री निर्यात गर्ने चीनको व्यवहारप्रति चिन्तनशील रहने र वासिङ्टनले थप प्रतिबन्धहरू लगाउनसक्ने चेतावनी दिएका छन् ।

चीनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको युद्धनीतिलाई समर्थन गरिरहेको आरोप लगाएका छन् । 'बेइजिङले एकातर्फ आफूले शान्ति चाहने बताइरहेको छ, तर अर्कातिर द्वन्द्वको अन्त्य हेर्न चाहन्छ । यसले आफ्ना कम्पनीलाई कार्यहरू गर्न अनुमति दिइरहेको छ जसले वास्तवमा पुटिनलाई आक्रमण जारी राख्न मद्दत गरिरहेको छ, त्यो हुनु हुँदैन,' ब्लिन्केनले पत्रकार सम्मेलनमा भने । 'हाम्रो उद्देश्य रूसलाई चीनबाट अलग गर्नु होइन । उनीहरूको सम्बन्ध उनीहरूको व्यवसाय हो तर चीनले रुसलाई युद्ध जारी राख्न आवश्यक पर्ने कुरा प्रदान गरिरहेको छ, यो हामी र अन्य धेरै देशका लागि समस्याको कुरा हो,' ब्लिन्केनले बताए । शीर्ष अमेरिकी कूटनीतिज्ञले चीनले रुसलाई सैन्य उत्पादनका लागि आवश्यक ७० प्रतिशत मेसिन उपकरण र ९० प्रतिशत माइक्रोइलेक्ट्रोनिक्स प्रदान गरेको छ जसमा रकेट र युद्ध सवारीसाधनहरू समावेश छन् ।

बैठकका क्रममा वाबले युक्रेन द्वन्द्वमा चीनले सधैं शान्ति र संवादको वकालत गर्ने र राजनीतिक समाधानका लागि काम गर्ने बताएको बेइजिङको विदेश मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

चीनले रुसलाई प्रत्यक्षरूपमा हतियार उपलब्ध गराएको छैन र सन् २०२२ मा रुसको आक्रमणपछि युक्रेनलाई अर्बौं डलरको हतियार पठाएको संयुक्त राज्य अमेरिकाको विपरीत रहेको विज्ञप्तिमा जनाइएको छ । सुरक्षा परिषद्को मंगलबार आयोजित एउटा सत्रमा वाबले भने, 'चीन युक्रेन संकटको सृष्टिकर्ता होइन, न त हामी यसको पक्ष हौं । चीन सधैं शान्तिको पक्षमा उभिएको छ ।' *रासस/एएफपी*

# ट्रम्प र जेलेन्स्कीबीच भेटवार्ता

**न्युयोर्क–** आसन्न अमेरिकी चुनावको सन्दर्भमा रुससँगको युद्धमा सहयोगी कियभलाई दीर्घकालीन अमेरिकी समर्थनबारे प्रश्न उठाउने क्रममा राष्ट्रपतीय उम्मेदवार एवं पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शुक्रबार उच्चस्तरीय वार्ता गरेका छन् । रिपब्लिकनले बारम्बार रुसका राष्ट्रपति भ्लादिमिर पुटिनको रक्षा गर्दै आएका घटनाको समीक्षा गर्दै विदेश नीतिका विज्ञहरूले ट्रम्पको दोस्रो कार्यकाल युक्रेनको रक्षाका लागि विनासकारी हुने डर व्यक्त गरेका छन् ।

जेलेन्स्कीले ट्रम्पको चुनावी प्रतिद्वन्द्वी कमला ह्यारिस र राष्ट्रपति जो बाइडेनसँग बिहीबार वासिङ्टनमा भेट गरेका थिए र दुवैले हाल संकटग्रस्त युक्रेनलाई समर्थन गर्ने वाचा गरेका छन् । ट्रम्पले यस हप्ता जेलेन्स्कीलाई द्वन्द्व अन्त्य गर्न सम्झौता गर्न अस्वीकार गरेको आरोप लगाएका थिए । उनले दोस्रो कार्यकाल जितेमा शान्ति ल्याउने वाचा गरेका छन् । एक घण्टाभन्दा कम समय चलेको बैठकअघि पूर्वअमेरिकी राष्ट्रपति ट्रम्पले जेलेन्स्कीसँगको आफ्नो गठबन्धनको प्रशंसा गरे । साथै, राष्ट्रपति पुटिनसँग पनि आफ्नो सुमधुर सम्बन्ध रहेको बताए ।

सामाजिक सञ्जाल एक्समार्फत राष्ट्रपति जेलेन्स्कीले बैठक 'धेरै उत्पादक' भएको बताएका छन् । 'मैले उहाँलाई हाम्रो विजय योजना प्रस्तुत गरें, र हामीले युक्रेनको अवस्था र हाम्रा जनताका लागि युद्धको नतिजाबारे राम्ररी समीक्षा गर्‍यौं,' जेलेन्स्कीले बताए, 'धेरै विषयहरूमा छलफल गरियो । यो बैठकका लागि म आभारी छु । न्यायपूर्ण शान्ति आवश्यक छ ।'

जेलेन्स्की यसै हप्ता संयुक्त राष्ट्रसंघको महासभाका लागि न्युयोर्कमा आएका हुन् । युक्रेनी नेताले बिहीबार ह्वाइट हाउसमा बाइडेन र ह्यारिसलाई तथाकथित आफ्नो 'विजय' योजना प्रस्तुत गरेका थिए । बाइडेनले कियभका लागि लगभग आठ अर्ब डलरको नयाँ सैन्य सहायता घोषणासमेत गरेका छन् । *रासस/एएफपी*

# स्पेनमा डुंगा दुर्घटना हुँदा नौ जनाको मृत्यु, ४८ बेपत्ता

**म्याड्रिड (स्पेन)–** स्पेनको क्यानरी टापुमा आप्रवासी बोकेको डुंगा दुर्घटना हुँदा कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै ४८ जना बेपत्ता भएको राष्ट्रिय समुद्री उद्धार सेवाले शनिबार जनाएको छ । उद्धारकर्ताले डुंगामा सवार ८४ जनामध्ये २७ जनालाई उद्धार गर्न सफल भएको जनाएका छन् । यो सेप्टेम्बरको सुरुमा युरोपका लागि प्रस्थान गरेको आप्रवासीहरू बोकेको डुंगा सेनेगलबाट क्यानरीहरू पार गर्दै गर्दा दुर्घटनामा परेपछि ३९ जना आप्रवासीहरूको मृत्यु भएको थियो ।

पछिल्लो समयमा हजारौं आप्रवासीहरू ज्यान जोखिममा पारी भीडभाडका बीचमा पुराना डुंगाहरूमा चढी युरोपका लागि यात्रा गर्ने क्रम बढेको जनाइएको छ । अगस्टको अन्त्यमा, स्पेनका प्रधानमन्त्रीले मौरिटानिया र गाम्बियाको भ्रमण गरी कानुनी आप्रवासनका लागि मार्ग विस्तार गर्दै मानव तस्करविरुद्ध कारबाही गर्न सहयोग सम्झौताहरूमा हस्ताक्षर गरेका थिए ।

संयुक्त राष्ट्रसंघीय एजेन्सी 'इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसन' ले सन् २०१४ देखि यो क्षेत्रमा दुर्घटनामा परी चार हजार ८५७ जनाको मृत्यु भएको अनुमान गरेको छ । आप्रवासीहरूलाई सहयोग गर्ने स्पेनिस गैरसरकारी संस्था 'क्यामिनान्डो फ्रन्टेरास'का अनुसार युरोप जाने क्रममा दुर्घटनामा परी हालसम्म १८ हजार ६८० जनाको मृत्यु भइसकेको छ । *रासस/एएफपी*


## सूचना ! सूचना !! सूचना !!!

यस **मेडिसेल्स मेडिको फर्मा** बाट सप्लाई गरिने औषधी तथा औषधी जन्य सामानहरूको आ ब २०८१/०८२ को लागि निम्नानुसारको बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधी तथा औषधी जन्य सामानहरु कुनै संध संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा निम्नानुसारको दररेटमा खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

**E-mail: medisalesmedico@gmail.com , Phone No.: 9851165356**

| S.N | Name of goods | unit | Rate |
|---|---|---|---|
| 1 | Lignocaine vial 30ml | vial 30ml | 55.00 |
| 2 | Lignocaine with adrenaline 1:10000 | inj | 55.00 |
| 3 | Paracetamol inj 2ml amp | inj 2ml amp | 27.00 |
| 4 | paracetamol 500mg | tab | 1.00 |
| 5 | paracetamol syrup 60ml | syrup 60ml | 30.00 |
| 6 | Aspirin 75mg | tab | 2.00 |
| 7 | Ibuprofen 400mg | tab | 2.00 |
| 8 | Ibuprofen 200mg | tab | 1.50 |
| 9 | Ibuprofen 100mg/5ml | syp | 32.00 |
| 10 | Diclofenac inj 25mg/ml | inj | 12.00 |
| 11 | Diclofenac 50mg | tab | 4.00 |
| 12 | pheniramine 22.75mg/ml, 2ml inj | amp | 12.00 |
| 13 | cetrizine HCL 10mg | tab | 4.00 |
| 14 | Cetrizine HCL susp 5mg/ml, 30ml | susp | 45.00 |
| 15 | Metronidazole infusion 500mg/100ml inj | infusion | 35.00 |
| 16 | Metronidazole 400mg | tab | 4.00 |
| 17 | Metronidazole 200mg | tab | 2.00 |
| 18 | Albendazole 400mg | tab | 10.00 |
| 19 | metronidazole suspension 200mg/5ml, 60ml | suspension | 60.00 |
| 20 | Tinidazole 500mg | tab | 5.00 |
| 21 | Amoxycilline 125DT | tab | 3.50 |
| 22 | Amoxycilline 250DT | tab | 5.00 |
| 23 | Amoxycillin 125mg/5ml syrup | syp | 95.00 |
| 24 | Amoxycillin capsule 500mg | cap | 8.00 |
| 25 | Gentamycine sulphate inj 40mg/ml in 2ml | inj | 28.00 |
| 26 | Ampicilline powder for Iv/IM inj 250mg vial | inj | 25.00 |
| 27 | Ampicillin powder for IV/IM injection 500mg vial | inj | 30.00 |
| 28 | Benzathine benzyl penicillin powder for inj 1200000 IU | inj | 35.00 |
| 29 | Ciprofloxacine 250mg | tab | 5.00 |
| 30 | ciprofloxacine 500mg | tab | 8.00 |
| 31 | ciprofloxacine infusion 200mg/100ml | infusion | 45.00 |
| 32 | ciprofloxacilline e/e drop 0.3% 5ml | e/e drop | 30.00 |
| 33 | Eye ointment ciprofloxacine eye ointment 0.3% 5gm | eye ointment | 27.00 |
| 34 | Tetracyclin eye ointment 1% 5gm | eye ointment | 45.00 |
| 35 | Ceftriaxone inj 1gm/vial | inj | 89.00 |
| 36 | Ceftriaxone inj 500mg/vial | inj | 65.00 |
| 37 | Sulphamethoxazole+ Trimethoprim 480mg tab | tab | 4.00 |
| 38 | Sulphamethoxazole+ Trimethoprim 960mg tab | tab | 5.00 |
| 39 | Doxycycline 100mg capsule | cap | 6.00 |
| 40 | Azithromycine 250mg | tab | 17.00 |
| 41 | cloxacillin caps 250mg | caps | 8.00 |
| 42 | cloxacillin 500mg | caps | 12.00 |
| 43 | Cloxacilline syrup 125mg/5ml | syp | 120.00 |
| 44 | Fluconazole 150mg | cap | 24.00 |
| 45 | Ferrous sulphate + Folic Acid 60mg iron+400mcg folic acid | tab | 2.50 |
| 46 | Compound solution of sodium lactate (RL) 500ml | infusion | 50.00 |
| 47 | Sodium chlorides (NS) 500ml | infusion | 55.00 |
| 48 | Dextrose solution (DNS) 5% w/v 500ml | infusion | 55.00 |
| 49 | Dextrose (Glucose) 25% of 50ml solution | inj | 52.00 |
| 50 | Hydrochlorothiazide 12.5mg | tab | 3.00 |
| 51 | Calamine lotion 30ml 15% w/v | lotion | 45.00 |
| 52 | Povidine iodine liq 5% w/v | liq | 360.00 |
| 53 | Alumunium hdroxide +Mag.trisilicate 250mg+250mg | tab | 2.50 |
| 54 | Ranitidine inj 2ml 25mg/ml | inj | 7.00 |
| 55 | Ranitidine 150mg | tab | 3.00 |
| 56 | Atropine (As sulphate 0.6mg/ml) | inj | 12.00 |
| 57 | Hyoscine butylbromide inj 20mg/ml | inj | 33.00 |
| 58 | Hyoscine butlbromide 10mg | tab | 18.00 |
| 59 | Oral rehydration solutions ors WHO formula -sachet/ltr | powder | 10.00 |
| 60 | Clove oil 5ml | liq | 35.00 |
| 61 | Metoclorpropamide 10mg | tab | 3.00 |
| 62 | Metoclorpropamide inj 2ml /5mg/ml | inj | 21.00 |
| 63 | Metoclorpropamide solution 5mg/5ml | solution | 30.00 |
| 64 | Promethazine hydrochloride 25mg | tab | 5.00 |
| 65 | Charcol activated 10gm/sachet | powder | 70.00 |
| 66 | Benzoic acid + salicylic acid 30gm 6%+3% w/w | 30 gm tube | 70.00 |
| 67 | Frusemide 40mg | tab | 1.00 |
| 68 | Frusemide inj 2ml/10mg/ml | inj 2ml amp | 12.00 |
| 69 | Dexamethasone inj 4mg/ml,2ml | inj | 21.00 |
| 70 | Salbutamol 4mg | tab | 2.00 |
| 71 | Prednisolone 10mg | tab | 4.00 |
| 72 | Pralidoxim sodium inj 500mg | inj | 200.00 |
| 73 | Hydrocortisone powder for inj 100mg /vial | powder for inj | 100.00 |
| 74 | Adrenaline inj 1mg in 1ml | inj | 21.00 |
| 75 | Silver sulphadizine cream 25g 1% w/w tube | cream | 90.00 |
| 76 | clotrimazole skin cream 15gm 1% w/v, 15ml | cream | 100.00 |
| 77 | clotrimazole mouth paint 1% w/v, 15ml | mount paint | 125.00 |
| 78 | clotrimazole presSARY 100MG | pressary | 12.00 |
| 79 | Gention violet 1% sol 10ml | 1% sol | 21.00 |
| 80 | Allopurinol 100mg | tab | 4.00 |
| 81 | Allopurinol 300mg | tab | 5.00 |
| 82 | Oxymethazoline nasal drop 0.05%/10ml | nasal drop | 90.00 |
| 83 | Oxymethaszoline Nasal 0.025%/10ml | nasal drop | 80.00 |
| 84 | Levothyroxine 25mcg | tab | 2.00 |
| 85 | Levothyroxine 50mcg | tab | 2.00 |
| 86 | Folic Acid 5mg | tab | 3.00 |
| 87 | Pyridoxine 10mg | tab | 150.00 |
| 88 | Oxytocin 10IU, 1ml | inj | 30.00 |
| 89 | Magnesium sulphate inj 500mg/ml in 2ml ampoule | inj | 35.00 |
| 90 | Permethrin lotion 1%/100ml | lotion | 120.00 |
| 91 | Permethrin cream 5% w/v 30gm | cream | 120.00 |
| 92 | Amlodipine 5mg | tab | 5.00 |
| 93 | Nifedipine 10mg | tab | 6.00 |
| 94 | Losartan 25mg | tab | 4.00 |
| 95 | Losartan 50mg | tab | 5.00 |
| 96 | Methyldopa 250mg | tab | 69.00 |
| 97 | Digoxin 0.25mg | tab | 3.00 |
| 98 | Metformin 500mg | tab | 2.00 |
| 99 | Phenobarbitial 30mg | tab | 3.00 |
| 100 | Phenobarbitial inj 100mg/ml | inj | 35.00 |
| 101 | Albendazole 400mg | tab | 10.00 |
| 102 | Albendazole susdpension 200mg/5ml | suspension | 18.00 |
| 103 | Carbamazepine 100mg | tab | 3.00 |
| 104 | Carbamazepine 200mg | tab | 4.00 |
| 105 | Valporic acid 200mg | tab | 11.00 |
| 106 | Amitryptilline 25mg | tab | 5.00 |
| 107 | Amitryptilline 10mg | tab | 2.00 |
| 108 | chlorpromazine 100mg | tab | 2.00 |
| 109 | Diazepam 5mg | tab | 3.00 |
| 110 | Diazepam inj 5mg/ml, 2ml | inj | 33.00 |
| 111 | Enalapril 2.5mg | tab | 2.00 |
| 112 | Enalapril 5mg | tab | 4.00 |
| 113 | Nitrofurantion 100mg | tab | 8.00 |
| 114 | Atorvastatin 10mg | tab | 10.00 |
| 115 | Glimperide 1mg | tab | 5.00 |
| 116 | Glimperide 2mg | tab | 8.00 |
| 117 | Risperidone 1mg | tab | 5.00 |
| 118 | Risperidone 2mg | tab | 6.00 |
| 119 | Fluoxetine 20mg | tab | 3.00 |
| 120 | Thiamine 100mg | tab | 5.00 |
| 121 | Mefipristone +Misoprostol combi pack includes 200mg+4(200)mcg | tab | 650.00 |
| 122 | Misoprostol 200mcg | tab | 5.00 |
| 123 | Chlorhexidine (CHD) solutrion 0.2% oral solution | solution | 80.00 |
| 124 | Neomycin skin ointment 15gm ointment | tube | 90.00 |
| 125 | Vitamin b complex vit B1 10mg, B2 10mg, B6 3mg, cyanocobalamin 15mcg (TherPEUTIC DOSE) | tab | 4.00 |
| 126 | Alprazolam 0.25mg | tab | 1.70 |
| 127 | Zinc sulphate 20mg | tab | 4.00 |
| 128 | Zinc sulphate 10mg | tab | 3.00 |
| 129 | Doxycycilline 100mg | cap | 6.00 |
| 130 | cefixime 200mg | tab | 20.00 |
| 131 | Ipratropium Reapulses Nebuliser solution 1mg /2ml | respules | 12.00 |
| 132 | Salbutamol solution for nebulization 1mg/ml of 15ml | soluion for nebulization | 23.00 |
| 133 | IV infusion set pcs set | set | 45.00 |
| 134 | Iv Cannula diff size 20 NO, 22 No | pcs | 45.00 |
| 135 | Absorbent cotton 400grm roll | roll | 420.00 |
| 136 | Bandage 35 TPI 90*180 | than | 440.00 |
| 137 | Gauze 40 TPI 90*180 | than | 440.00 |
| 138 | Surgical gloves 7 no | pair | 55.00 |
| 139 | Examination gloves large size 7 no | pcs | 11.00 |
| 140 | phenol 500ml | bottle | 120.00 |
| 141 | Harrpic 1 ltr | bottle | 120.00 |
| 142 | Utility gloves rubber | pair | 120.00 |
| 143 | Disposable syringe 3ml | pcs | 5.00 |
| 144 | Disposable syringe 5ml | pcs | 5.00 |
| 145 | Disposable syringe 10ml | pcs | 10.00 |
| 146 | Insulin syringe 1ml | pcs | 10.00 |
| 147 | Non Absorable suture set mersilk 2-0 | pcs | 220.00 |
| 148 | Chromic catgut 2-0 absorbable 12pcs per box | pkt | 220.00 |
| 149 | Adhesive tape roll 90*18 metre | roll | 310.00 |
| 150 | Surgical blade 11 no | pcvs | 12.00 |
| 151 | NG tube (Ryles tube) between 12F to 18 F (normal adult size) | pcs | 120.00 |
| 152 | Rectified spirite 450ml | bottle | 240.00 |
| 153 | Handiplast | pc | 4.00 |
| 154 | Weighting Machine (Up to 25 kg-child) (Hanging with colour code) to weigh infants* (salter scale) | pcs | 3,000.00 |
| 155 | Implant Insertion Set | Set | 7,000.00 |
| 156 | Implant Removal Set | Set | 8,000.00 |
| 157 | Delivery Set | Set | 4,500.00 |
| 158 | Themometer Digital | Pcs | 300.00 |
| 159 | Ketorolac Inj | 1ml | 32.00 |
| 160 | Tramadol Inj | 2ml | 32.00 |
| 161 | Pantoprazole Inj | 40mg | 95.00 |
| 162 | Inj Ceftrixone 250gm | 250mg | 55.00 |
| 163 | Sodium Chlorides (NS) | Bottle | 53.00 |
| 164 | Inj Traneximic Acid | Vial | 100.00 |
| 165 | Tetanu Toxoid (TT) | Injection | 32.00 |
| 166 | Vitamin K1 | Injection | 45.00 |
| 167 | Calcium Gluconate | Injection | 45.00 |
| 168 | Inj Pcm/100ml/1gm | Bottle | 390.00 |
| 169 | Enema Solution | Bottle | 70.00 |
| 170 | Easy Fix | Pcs | 25.00 |
| 171 | Ondansetran | Ampule | 32.00 |
| 172 | Uro Bag | Pcs | 120.00 |
| 173 | Foley's Catheter | Pcs | 120.00 |
| 174 | Dressing Set | Set | 4,500.00 |
| 175 | Virex Powder | Pkt | 55.00 |
| 176 | Bp Set original With Aneroid Sphygmomanometer & Stethoscope | Pcs | 3,490.00 |
| 177 | Digital Weighting Machine (For Adult) | Set | 4,500.00 |
| 178 | Pan Scale (Upto 10kg ) for Newborn | Set | 5,500.00 |
| 179 | ENT Set | Pcs | 9,000.00 |
| 180 | Rubber Sheet | Metter | 300.00 |
| 181 | Surgical Mask | Pcs | 5.00 |

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६१२०० | प्रति तोला - ० | प्रति तोला - १९५५ |



**डुवानमा भाटभटेनी** | अविरल वर्षाका कारण हनुमन्ते खोलाको बाढी परेर भक्तपुरको भाटभटेनी सुपर मार्केटलगायत आसपास क्षेत्रमा जलमग्न ।

*तस्बिरः किरणराज विष्ट/रासस*

# तामाकोशी आयोजनाका संरचनामा क्षति

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** अविरल वर्षासँगे आएको पहिरोले दोलखाको बिगु गाउँपालिका-१ लामाबगरस्थित चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको बाँध क्षेत्रका संरचना (हेडवर्क्स)मा क्षति भएको छ ।

माथिल्लो तामाकोशीमा पानीको बहाव उच्च भएपछि शुक्रबार साँझ ७ बजेदेखि विद्युत् उत्पादन बन्द गरिएको आयोजना कार्यालयले जनाएको छ । बाँधका सम्पूर्ण ढोकाहरू खुल्ला गरिएका छन् । बाँधस्थलभन्दा केही तल दायाँतर्फ रहेको नियन्त्रण कक्ष, बालुवा थिग्ग्रयाउने पोखरी (डिस्याण्डर) र बाँधबाट डिस्याण्डरसम्म पानी पुऱ्याउने नहर (कल्भर्ट)मा क्षति पुगेको आयोजनाको प्रवर्द्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावर लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मोहन गौतमले जानकारी दिए ।

नियन्त्रण कक्ष, डिस्याण्डर र कल्भर्ट रहेको स्थानभन्दा माथिबाट खसेको पहिरोले ती संरचनामा ठूलो क्षति पुगेको अनुमान गरिएको छ । गौतमले विद्युत्गृह रहेको स्थान गोँगरबाट बाँधसम्मको प्रवेश मार्गमा पर्ने खोलामा बाढी आएकाले कोहीपनि त्यहाँसम्म पुग्न नसकेको बताए । कार्यकारी अधिकृत गौतमले पहिरोको प्रकृति हेर्दा नियन्त्रण कक्ष, डिस्याण्डर र कल्भर्टलगायत भौतिक संरचनामा क्षति पुऱ्याएको अनुमान गरिएको उल्लेख गरे । पहिरोका कारण जलाशय क्षेत्रमा ठूलो परिमाणमा ढुङ्गा, लेदो थुप्रिएको छ । नियन्त्रण कक्षमा रहेका दुई जना कर्मचारीलाई उद्धार गर्न लागिएको भन्दै हालसम्म कुनै मानवीय क्षति भने नभएको उनले बताए ।

जिल्ला प्रशासन कार्यालय दोलखासँगको समन्वयमा उद्धारमा लामाबगरस्थित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको छ । तामाकोशी आयोजनाको डिजाइन डिस्चार्ज (पानीको बहाव) ६६ क्युमेक हो । अहिले तामाकोशी नदीको बहाव बाँधस्थलमा चार सय ६१ क्युमेक छ ।

नेपाल विद्युत् प्राधिकरणसँग भएको विद्युत् खरिद बिक्री सम्झौता बामोजिम नदीमा पानीको बहाव दुई सय ५० क्युमेक हुनासाथ विद्युत्गृह बन्द गर्नुपर्ने कार्यकारी अधिकृत गौतमले बताए । शुक्रबार दिउँसो ४ बजेदेखि पानीको बहाव दुई सय ५० क्युमेक नाघेको र पानीको बहाव बढ्ने क्रम रहेपछि साँझ ७ बजेदेखि विद्युत् उत्पादन पूर्ण रूपमा बन्द गरिएको उनले जानकारी दिए ।

# 'आर्थिक समृद्धिका लागि अहिलेको सरकार'

■ **प्रभाव संवाददाता**

**काठमाडौं –** १२ असोजः नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले राजनीतिक स्थायित्व र आर्थिक समृद्धिका लागि वर्तमान सरकार गठन भएको बताएका छन् ।

नेपाली कांग्रेस तथा नेविसंघ लमजुङ-काठमाडौं सम्पर्क समितिले विजयादशमीको 'शुभकामना आदानप्रदान तथा कांग्रेसको सय दिने अभियान'को शुभारम्भ गर्दै नेता कोइरालाले आर्थिक समृद्धि, सुशासन र राजनीतिक स्थायित्वका लागि नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग मिलेर सरकार गठन गरिएको बताए ।

'मुलुकमा सुशासन कायम गर्न, आर्थिक समृद्धि प्राप्तिका लागि हामीले सहकार्य गरेका हौं । सबै दलसँगको छलफल र सहमतिमा आवश्यकताका आधारमा संविधान संशोधन हुनेछ', नेता डा कोइरालाले भने । उनले समावेशी र समानुपातिक सिद्धान्तलाई प्रभावकारी कार्यान्वयन गर्न संविधान संशोधन आवश्यक रहेको औंल्याए ।

कांग्रेस केन्द्रीय सदस्य शङ्कर भण्डारीले संविधान संशोधन गर्दा सहमतिका आधारमा गर्नुपर्ने धारणा राखे । उनले पार्टीभित्र भागबण्डा हुँदा पार्टी झन् कमजोर बन्दै गएकाले आपसी सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

कांग्रेस केन्द्रीय सदस्य अब्दुल सत्तारले पार्टीका केन्द्रीय सदस्य वडाबाट लडेर आउने प्रावधान बनाउनुपर्नेमा जोड दिए । उनले पार्टीलाई एकताबद्ध बनाएर लगेमात्र आगामी निर्वाचन जितिने उल्लेख गरे ।

नेपाली कांग्रेस लमजुङका सभापति एवं गण्डकी प्रदेशका अर्थमन्त्री डा टकराज गुरुङले निरन्तर सरकार परिवर्तन हुँदा मुलुकले आर्थिक प्रगति हासिल गर्न नसक्ने धारणा राखे ।

सम्पर्क समितिका अध्यक्ष प्रदीपराज अधिकारी, कांग्रेस लमजुङका पूर्वसभापति तुलसीनारायण श्रेष्ठ, पूर्वराज्यमन्त्री रामबहादुर गुरुङ, प्रदेशसभा सदस्य टीका बस्याल, कांग्रेस लमजुङ प्रदेशका सभापति रघुनाथ गुरुङ, सम्पर्क समितिका वरिष्ठ उपाध्यक्ष किशोर पौडेल, नेवि संघ सम्पर्क समितिका सभापति डिबी पराजुलीलगायतले लमजुङ कांग्रेसको सङ्गठनलाई बलियो बनाउन सकेमात्र आगामी निर्वाचनमा जित हासिल गर्न सकिने धारणा राखेका थिए ।

सोही अवसरमा नेपाल इञ्जिनियर एसोसियसनको निर्वाचनमा अध्यक्ष पदमा निर्वाचित इञ्जिनियर सुवासचन्द्र बराल र सेन्टर फर डेमोक्रेटिक इञ्जिनियर्स एसोसियसन (सिडेन)का अध्यक्ष इञ्जिनियर लक्ष्मण केसीलाई सम्मान गरिएको थियो ।

# 'उद्यमशीलता वृद्धि सरकारको प्राथमिकतामा'

**पाटन (ललितपुर) (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उत्पादन, उत्पादकत्व र उद्यमशीलता वृद्धि सरकारको प्राथमिकतामा रहेको बताएका छन् ।

'समृद्धिका लागि सम्पदा संरक्षण' नाराका साथ ललितपुर रत्न तथा आभूषण सङ्घ र रोटरी क्लब अफ पाटन हेरिटेजको संयुक्त आयोजनामा सुरु भएको 'पाटन हेरिटेज जेम एण्ड ज्वेलरी एक्स्पो-२०२४' को उद्घाटन गर्दै मन्त्री भण्डारीले यति बेला नीतिगत सुधार जटिलतालाई समाधान गर्नेतर्फ सरकार लागिपरेको बताए । उनले सरकारी तवरबाट लगानीकर्तामैत्री र परियोजनामैत्री वातावरण बनाउने क्रमबद्ध कार्ययोजना तय भएको बताए ।

'आर्थिक मन्दीले सुनचाँदी व्यवसाय फस्टाउन सकेको छैन, विभिन्न माध्यमबाट चोरीपैठारी र आयात भएको छ, यसलाई रोक्न प्रयत्न गरिरहेका छौं, कोटा प्रणालीमा आयात हुने हुँदा माग अनुसारको आपूर्तिमा पनि समस्या परिरहेको छ, हाम्रो मौलिक परम्परामा आधारित बहुमुल्य बस्तुका गरगहना निर्यातका लागि आपूर्ति सहज बनाउनु आजको आवश्यकता छ, यो क्षेत्रलाई निर्यात र रोजगारीको माध्यम बनाउन हामी तत्पर छौं', उनले भने ।

# दसैंको अग्रिम टिकट बुकिङ खुला

**काठमाडौं (प्रस)–** सरकारले दसैंका लागि लक्षित गरी शनिबारदेखि अग्रिम टिकट बुकिङ खुला गरेको छ । देशका विभिन्न क्षेत्रबाट संघीय राजधानी काठमाडौंमा अध्ययन, व्यापार व्यवसाय, रोजगारीका लागि आएका चाडपर्व मनाउन घर जानेलाई लक्षित गरेर अग्रिम टिकट बुकिङ खुला गरेको हो ।

घटस्थापना आउन पाँच दिन बाँकी रहँदा सरकारले अग्रिम टिकट बुकिङ खुला गरेसँगै नयाँ बसपार्कमा टिकट लिन बिहानैदेखि यात्रुको भीड लागेको थियो । शुक्रबारदेखि नै मुलुकको संघीय राजधानी काठमाडौंसहित देशभर अविरल वर्षासमेत भएकाले बिहानैदेखि छाता ओढेर यात्रु टिकट काट्न लाइनमा बसेका थिए ।

अग्रिम टिकट बुकिङ काउन्टरमा पश्चिमको दार्चुला, डडेलधुरा, धनगढी, टीकापुर, बझाङ, बाजुरा, सल्यान, रुकुम, प्यूठान, रोल्पा तथा ताप्लेजुङ, इलाम, काँकडभित्ता, उदयपुरलगायतका ठाउँमा जाने यात्रुको भीडभाड लागेको छ । सरकारले अनलाइनमार्फत टिकट काट्न पाउने व्यवस्था मिलाए पनि यात्रु भने बिहानैदेखि छाता ओढेर लाइनमा बसेका हुन् । सार्वजनिक यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले शनिबार ६ बजेदेखि नै अग्रिम टिकट बुकिङ खुला भएको बताए । उनले शुक्रबारदेखि परेको अविरल वर्षाका कारण देशभरका राजमार्ग अवरुद्ध हुँदा सर्वसाधारण यात्रुलाई मर्का परेको बताए ।

# 'भिजिट बन्दीपुर २०२५' घोषणा

■ **प्रभाव संवाददाता**

**दमौली (तनहुँ)–** तनहुँको पर्यटकीय नगरी बन्दीपुरलाई देश तथा विदेशमा परिचित गराउँदै पर्यटन प्रवर्द्धन गर्न 'भिजिट बन्दीपुर २०२५' अभियान घोषणा गरिएको छ । विश्व पर्यटन दिवसका अवसरमा शुक्रबार बन्दीपुरमा आयोजित कार्यक्रममा भिजिट बन्दीपुर २०२५ अभियान घोषणा गरिएको हो । गण्डकी प्रदेशका कृषि, भूमि, व्यवस्था तथा सहकारीमन्त्री पद्मा जिसी श्रेष्ठ र बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले उक्त अभियानको घोषणा गरेका हुन् ।

मन्त्री श्रेष्ठले गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा बन्दीपुरले ठूलो सहयोग पुऱ्याएको बताए । बन्दीपुरको कला, संस्कृति, रीतिरिवाज देखेर यहाँ आउने पर्यटक आकर्षित हुने गरेको बताउँदै मन्त्री श्रेष्ठले बन्दीपुरको मौलिकता कायम राख्न आग्रह गरे । उनले भने, 'बन्दीपुरलाई मौलिक सहरका रूपमा विकास गर्नुपर्छ । प्रदेश सरकार यसका लागि सहयोग गर्न तयार छ ।'

बन्दीपुर गाउँपालिकाका अध्यक्ष थापाले पर्यटकीय नगरी बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि यो अभियान घोषणा गरिएको जानकारी दिए । उनले भने, 'बन्दीपुरको सुन्दरतालाई देशविदेशमा प्रचारप्रसार गर्ने मुख्य उद्देश्य रहेको छ ।' गाउँपालिकाले सन् २०२५ लाई भ्रमण वर्षका रूपमा मनाउन लागेको थापाको भनाइ छ । थापाका अनुसार उक्त वर्षभरि नै बन्दीपुरमा पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । देशका मुख्य सहर काठमाडौं, पोखरा, चितवन, लुम्बिनीलगायत पुगेर बन्दीपुरको प्रचारप्रसार गरिने थापाले बताए । पर्यटनलाई आम्दानीको मुख्य स्रोत मानेर धेरैभन्दा धेरै पर्यटक भित्र्याउन विभिन्न कार्यक्रम गरिने थापाको भनाइ छ । उनले भने, 'विशेष संरक्षित क्षेत्र तथा पौराणिक सहरका रूपमा रहेको बन्दीपुर बजारलाई थप आकर्षक बनाउन पौराणिकता झल्किने खालका कार्यक्रम सञ्चालन हुनेछ ।'

गण्डकी प्रदेशको पोखरापछिको प्रमुख पर्यटकीय गन्तव्य बन्दीपुरका छवटै वडाका पर्यटकीयस्थलको दिगो विकासका लागि पर्यटकीय केन्द्र बनाउने सोच राखिएको थापाको भनाइ छ । उनले भने, 'यहाँ प्याराग्लाडिङ, जिपलाइनजस्ता सहासिक खेलहरूको सम्भाव्यता अध्ययन गरिनेछ ।' थापाले भने, 'गाउँपालिकाले बन्दीपुर आउने विदेशी पर्यटकका लागि यहाँका गन्तव्यस्थलबारे जानकारी दिन सजिलो होस् भन्ने हेतुले नौ भाषामा सामग्री तयार गरिसकेको छ ।' गाउँपालिकाले नेपाली, चिनियाँ, अङ्ग्रेजी, फ्रेन्च, जर्मन, हिन्दी, स्पेनिस, सिन्हला र थाई भाषामा बन्दीपुरका बारेमा सामग्री तयार गरेको छ ।

खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रूपमा सूचीकृत गरेको छ । बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्यान्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्यान्ड, ताइवान, स्विटजरल्यान्ड, मलेसिया, होल्यान्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाका पर्यटक आउने गरेको तथ्यांक रहेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले जानकारी दिए ।

भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थलहरू यहाँ आउने पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमशृङ्खला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,

- पर्याप्त संख्या र नियमित रूपमा सवारीसाधन सञ्चालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परिक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
- दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ